जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३२४ • २०८३ साल बैशाख १० गते बिहीबार (23 April, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## मालपोतका दुई कर्मचारीलाई कैद सजाय



**टुडे समाचारदाता**

जनकपुरधाम। विशेष अदालतले गलत लिखत तयार गरेको मुद्दामा दुई कर्मचारीसहित तीनजनालाई कैद तथा जरिवानाको फैसला गरेको छ। विशेष अदालतले बुधबार महोत्तरीको जलेश्वरस्थित भूमिसुधार तथा मालापोत कार्यालयका दुई कर्मचारीसहित तीनजनालाई सजाय फैसला गरेको छ।

०८० साउनमा साविक इटरहर्वाकट्टिको ५ कठ्ठा १२ धुर जग्गा राजीव कुमार ठाकुरको नाममा कम्प्युटरमा स्रेस्ता अद्यावधिक गरिएको भेटिएको थियो। तीन महिनाअघि दायर गरिएको मुद्दामा विशेष अदालतका सदस्यहरु नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाले यस्तो फैसला गरेका छन्।

नासु साह र कम्प्युटर अपरेटर सिंहलाई जनही ३ महिना कैद, १० हजार रुपैयाँ जरिवाना तथा ३ महिना कैद र ३० हजार रुपैयाँ हुने सजाय फैसला गरेको छ।

त्यस्तै ठाकुरलाई पनि सोही फैसला गरेको छ। तीनैजना प्रतिवादीहरुबाट जनही १६ सय रुपैयाँ क्षतिपूर्ति शुल्क पीडित राहत कोषमा भराउनसमेत फैसलामा उल्लेख गरेको छ।

### २६ दिनमै बाहिरिए गुरुङ

# बिचौलिया र विवादित व्यवसायीहरुसित साँठघाँठ

**टुडे समाचारदाता**

जनकपुरधाम। गृहमन्त्री सुधन गुरुङले गृहमन्त्रीको पदभार सम्हालेको २६ दिनमै राजीनामा दिनु परेको छ । विवादित व्यवसायी दीपक भट्टसंग व्यापारिक सेयर साझेदारी रहेको खुलेसंगै विवादमा तानिएपछि गुरुङले बुधबार पदबाट राजीनामा दिएका छन् ।

गुरुङ चैत १३ गते गृहमन्त्रीमा नियुक्त भएका थिए। पदमा आएसंगै हाइप्रोफाइलहरुलाई समाउने कार्यमा आक्रामक देखिएका गुरुङ केही दिनअघि भने आफ्नै विवादित लगानीका कारण आलोचित बन्दै आएका थिए । उनले राजीनामा दिनुपर्ने चौतर्फी आवाज उठेपछि बाध्य भएर बुधबार राजनीनामा दिएका छन् ।

गुरुङको लिबर्टी माइक्रोलाइफ इन्स्योरेन्स र स्टार माइक्रो इन्स्योरेन्समा लगानी देखिएको थियो ।

गुरुङको आलोचना तीव्र रुपमा बढ्न थालेपछि उच्च पदाधिकारीहरुसंगको मिलेमतोमा मंगलबार अबेर रातिसम्ममा उनीमाथि लागेको सबै आरोपहरुको प्रमाण नष्ट गर्दै आफ्नो पक्षमा प्रमाण बलियो बनाएको आरोपसमेत लागेको छ । सोही दिन उनले रास्वपाका सभापति रवि लामिछाने र प्रधानमन्त्री साहसंगको भेटमा पदमूक्त नगर्नका लागि बार्गेनिंगसमेत गरेको बुझिएको छ ।

उनले राजीनामा दिएपछि गृह मन्त्रालय तत्कालका लागि प्रधानमन्त्री बालेन्द्र साहले आफैसंग राखेका छन् । यसअघि प्रधानमन्त्री साहले आफैसंग रक्षा मन्त्रालयसमेत राखेका छन् । गृहमन्त्री गुरुङले राजीनामा दिएपछि रिक्त भएको मन्त्रालय तत्कालका लागि प्रधानमन्त्री साहले आफैसंग राख्ने जनाइएको छ ।





गत भदौ २३ र २४ गते भएको जेन- जी आन्दोलनका अगुवा गुरुङले चैत १३ मा गृह मन्त्रालयको नेतृत्व सम्हालेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट गोरखा निर्वाचन क्षेत्र नम्बर-१ मा चुनाव जितेका गुरुङले त्यसैदिनबाट आफ्नो रफ्तार बढाएका थिए ।

तर लगातार विवादमा परेपछि उनले २६ दिनमा राजीनामा दिन बाध्य भए । गौरीबहादुर कार्की नेतृत्वको आयोगको सिफारिस अनुसार पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न हतार गरेका गृहमन्त्री गुरुङ विवाद र चर्चाको केन्द्रमा रहे । मन्त्री भएको अर्को दिनको बिहानै ओली र लेखक पक्राउ परेपछि गुरुङले सामाजिक सञ्जाल (फेसबुक)मा जेन- जी आन्दोलनका सहिदको शवको तस्वीर राखेर लेखे, 'प्रतिज्ञा भनेको प्रतिज्ञा हो : कानुन भन्दा माथि कोही छैन, पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान गृहमन्त्री रमेश लेखकलाई नियन्त्रणमा लिएका छौं । यो कसैप्रति प्रतिशोध होइन, केवल न्यायको सुरुवात हो । मलाई विश्वास छ, अब देशले नयाँ दिशा लिनेछ ।'

गुरुङले लगातार हाइप्रोफाइलहरु पक्राउको श्रृंखला शुरु गरे । पूर्वमन्त्री दीपक खड्का, व्यवसायी दीपक भट्ट र शंकर ग्रुपका अध्यक्ष शंकरलाल अग्रवाल पक्राउ परे । हाइप्रोफाइल पक्राउ गरेपछि गुरुङले सामाजिक सञ्जालमार्फत संख्या उल्लेख गर्दै 'काउण्ड डाउन' सुरु गरेका थिए । उनले पक्राउ गरेका आरोपीहरू मध्ये व्यापारी सुलभ अग्रवाल र दीपक भट्ट मात्रै अहिले थुनामा छन् ।

ओली, लेखक, लुम्बिनी प्रदेशसभा सदस्य रेखाकुमारी शर्मा र दीपक खड्का अदालतको आदेशले छुटेपछि वैशाख ३ मा साँझ पत्रकारहरूसंग कुरा गर्दै गुरुङले भने, 'मन्त्रीभन्दा न्यायाधीश शक्तिशाली हुने रहेछ, म अब कानुन पढ्दै छु ।'

चैत २९ मा मन्त्रिपरिषद्को निर्णय अनुसार प्रधानमन्त्री कार्यालयले विवरण गरेको सम्पत्ति विवरणमा गुरुङ र परिवारको नाममा करिब २६० रोपनी जग्गा रहेको उल्लेख गरिएको थियो । ८९ तोला सुन र ६ किलो चाँदी गुरुङको सम्पत्तिको विवरणमा उल्लेख भएको भेटिएपछि सामाजिक सञ्जालमा उनको आलोचना हुँदै आएको थियो ।

तीव्र आलोचना बढ्दै जान थालेपछि गुरुङले सामाजिक सञ्जालबाट आफ्नो स्ट्याटस हटाए । त्यसपछि गुरुङ रक्षात्मक बनेको उनलाई नजिकबाट बुझ्नेहरू बताउँछन् । भूमि सम्बन्धी ऐन अनुसार गुरुङलाई जग्गाको हदबन्दी लाग्न सक्छ । पोखरामा २० रोपनी जग्गा भाडामा लिएर भाडा नतिरेको घटनामा पनि गुरुङको तीव्र आलोचना भएको थियो ।

पछिल्लो समय उनी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको थुनामा रहेका दीपक भट्टको कम्पनीमा साझेदार रहेको तथ्य बाहिरिएको थियो । भट्टको लिबर्टी माइक्रो इन्स्योरेन्स र स्टार माइक्रो इन्स्योरेन्सको सेयर किनेको विषयमा उनीमाथि धेरै प्रश्न उठाएको थियो ।

रकमको श्रोतबारे प्रश्न उठेपछि उनले सो सापटी लिएर सेयर किनेको दाबी गरेका थिए । तर प्रश्न भने रोकिएनन् । कुल ५० लाख मूल्य बराबरको सेयर र भट्टसंगको 'कनेक्सन'बारे चित्तबुझ्दो जवाफ दिन नसकेपछि गुरुङको गृह मन्त्रालयको यात्रामा ब्रेक लागको छ । गुरुङ अब पूर्वमन्त्री र रास्वपाका सांसद मात्र छन् ।

## सार्वजनिक सवारीको भाडा बढाउँदै सरकार, सेवाग्राहीलाई सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । बजारमा तीव्र रुपमा महँगी बढिरहँदा बालेन्द्र साह नेतृत्वको सरकारले सार्वजनिक सवारी साधनको भाडा पुनः वृद्धि गर्ने भएको छ । अन्तर्राष्ट्रिय रुपमा पेट्रोलियम पद्धार्थमा मूल्य वृद्धिको समायोजन हुनुपर्नेमा त्यसको विपरीत सरकारले आफ्नो अनुकूल पेट्रोलियम पद्धार्थको मूल्य वृद्धि गरी आमजनताको ढाड सेक्ने काम गरेको छ ।

डिजेलको मूल्य पटक-पटक गरी नेपालमा अन्य मुलुकको तुलनामा महँगोमा विक्री भइरहेको छ । केही साता अघि मात्रै सरकारले डिजेललगायतको मूल्य वृद्धि गरेको थियो । तर पुनः केही दिन अघि मात्रै ५५ रुपैयाँ प्रतिलिटर वृद्धि हुँदा पनि भाडा वृद्धि नभएको भन्दै व्यवसायीले गुनासो गरेपछि साह सरकारले सेवाग्राहीको ढाड सेक्ने गरी सार्वजनिक सवार ीसाधनको भाडा दरको समायोजन गर्दै बढाउने तयारीमा लागेको छ ।



यातायात व्यवस्था विभागले अन्तरप्रदेश चल्ने सवारी साधनको भाडा वृद्धिका लागि आवश्यक प्रक्रिया पूरा गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अन्तिम स्वीकृतिका लागि फाइल पठाएको जनाएको छ ।

विभागले तयार पारेको नयाँ प्रस्तावमा यात्रुवाहक बसको भाडा ९.८ प्रतिशत र ढुवानीका साधन (ट्रक) को भाडा १३ प्रतिशत सम्मले वृद्धि गर्न सिफारिस गरिएको जनाएको छ । उक्त दरमा मन्त्रालयले आवश्यक देखेको खण्डमा थपघट गर्न सक्छ ।

सामान्यतया भाडा समायोजनको अधिकार विभाग आफैसंग भए पनि हालको विषम परिस्थितिलाई ध्यानमा राख्दै मन्त्रालयको राजनीतिक नेतृत्वबाटै यसको स्वीकृति गराउन लागिएको विभाग स्रोतले बताएको छ ।

स्रोतले जनाए अनुसार इन्धनको मूल्यमा भएको उतारचढाव र महँगीका बीच भाडा बढाउँदा सर्वसाधारणमा पर्नसक्ने असर र त्यसको राजनीतिक जिम्मेवारीका विषयमा मन्त्रालयलाई नै अन्तिम निर्णय लिन विभागले फाइल पठाएको छ । यदि सरकारले इन्धनको मूल्य घटाउने वा करमा सहुलियत दिने कुनै योजना बनाएको भए भाडा वृद्धिको निर्णय रोक्न सकिने विकल्पलाई समेत ध्यानमा राख्दै मन्त्रालयको राय मागिएको स्रोतले जनाएको छ ।

विभागले जनाए अनुसार अहिलेको विषम परिस्थितिमा विभाग आफैले भाडा समायोजन गर्दा समस्या हुनसक्ने भएकाले राज्यको नीतिअनुसार नै अघि बढ्न खोजिएको

> विभागले पठाएको यो प्रस्ताव कार्यान्वयनमा आएमा लामो दूरीमा चल्ने सवारीको भाडा दरमा वृद्धि हुनेछ । यसअघि सरकारले गत वर्षको चैत २५ गते सार्वजनिक यातायातको भाडादरमा ठूलो हेरफेर गरेको थियो ।

हो । मन्त्रालयले केही सहुलियत दिएर भाडा वृद्धि नगर्ने योजना बनाएको भए पनि पछि विभागलाई प्रश्न उठ्नसक्ने भएकाले फाइल मन्त्रालय पठाइएको बुझिएको छ ।

यातायात व्यवसायीहरूले भने इन्धनको मूल्य वृद्धि हुँदा पनि भाडा समायोजन नगरिएको भन्दै सरकारप्रति आक्रोश व्यक्त गर्दै आएका छन् । विशेषगरी डिजेलको मूल्य प्रतिलिटर ५५ रुपैयाँसम्म बढिसक्दा समेत सरकारले मौनता साधेको उनीहरूले आरोप लगाएका छन् ।

हाल विभागले पठाएको यो प्रस्ताव कार्यान्वयनमा आएमा लामो दूरीमा चल्ने सवारीको भाडा दरमा वृद्धि हुनेछ । यसअघि सरकारले गत वर्षको चैत २५ गते सार्वजनिक यातायातको भाडादरमा ठूलो हेरफेर गरेको थियो । त्यतिबेला इन्धनको मूल्यमा आएको उतारचढाव र अन्य प्राविधिक सूचकहरूलाई आधार मान्दै यात्रुवाहक सवारीको भाडा १६.७१ प्रतिशतले बढाइएको थियो ।

त्यस्तै मालवाहक सवारी साधनतर्फ पहाडी बाटोमा चल्ने ट्रकको भाडा २१.३८ प्रतिशत र तराईको बाटोमा चल्ने सवारीको भाडा १५.७५ प्रतिशतले समायोजन गरिएको थियो ।

मन्त्रालयले विभागको उक्त प्रस्तावलाई स्वीकृत गरेपछि नयाँ भाडादर देशभर लागू हुनेछ । यसभन्दा पहिले इन्धन र अन्य पार्टपुर्जाको मूल्य वृद्धिलाई हेरेर भाडा समायोजन हुने गरेकोमा यसपटक भने इन्धनको मूल्य वृद्धिलाई मात्र आधार बनाएर भाडा समायोजन हुने छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले नेपालको सार्वजनिक यातायात क्षेत्र हालसम्मकै कठिन मोडबाट गुज्रिरहेको जानकारी दिए । देशभर सञ्चालित सार्वजनिक सवारी साधनहरू घाटामा रहेको र व्यवसायीहरूले बैंकको किस्ता समेत तिर्न नसक्ने अवस्था आएको उनले बताए ।

वरिष्ठ उपाध्यक्ष सिटौलाले भने, 'इन्धनमा भएको मूल्यवृद्धि र बढ्दो सञ्चालन खर्चका कारण लामो तथा छोटो दूरीका बसहरू सञ्चालन गर्दा दैनिक रूपमा ठूलो आर्थिक भार थपिँदै गएको छ । सरकारले वैज्ञानिक भाडादर लागू गर्न ढिलाइ गर्दा यातायात क्षेत्र समस्यामा परेको छ । कतिपय रुटमा त तेल खर्च र चालक-सहचालकको तलब समेत नउठ्ने अवस्था रहेकाले धेरै व्यवसायीहरूले आफ्ना गाडीहरू थन्काउन बाध्य भएका छन् । अर्बौंको लगानी भएको यो क्षेत्र धराशायी हुँदा लाखौं मजदुरको रोजगारी जोखिममा परेको छ ।'

इन्धनको मूल्य व्यापक वृद्धि भए पनि स्वचालित भाडा समायोजन प्रक्रिया रोकिएको छ । विद्यमान व्यवस्थाअनुसार इन्धनको मूल्य ५ प्रतिशत भन्दा धेरैले बढेमा भाडा बढाउने र ५ प्रतिशत वा सोभन्दा धेरैले घटेमा भाडा घटाउनुपर्ने प्रावधान रहे पनि नियमअनुसार भाडा समायोजन नभएपछि यातायात व्यवसायीहरूले अहिले चर्को विरोध गर्दै आएका छन् ।




# वीरगञ्ज हुँदै छ खर्ब ९४ अर्बको वस्तु तथा सामान आयात



वीरगञ्ज । पर्साको वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको नौ महिनामा छ खर्ब ९४ अर्ब पाँच करोड रुपैयाँका वस्तु तथा सामान आयात भएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने ८० अर्ब ४४ करोड रुपैयाँ अर्थात् १३ प्रतिशत बढी आयात भएको हो ।

जबकि गत आवको नौ महिनामा भने छ खर्ब १३ अर्ब ६१ करोड रुपैयाँबराबरका वस्तु तथा सामान आयात भएको थियो । वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै हुने आयातमा बढोत्तरी भएको बताउनुभयो ।

यो नाका हुँदै चालु आवको नौ महिनामा एक खर्ब ४८ अर्ब १६ करोड रुपैयाँको पाँच थरिको पेट्रोलियम पदार्थ आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने एक खर्ब ४० अर्ब १० करोड रुपैयाँको पेट्रोलियम पदार्थको आयात भएको थियो ।

चालु आवको नौ महिनामा ६२ अर्ब २६ करोड रुपैयाँ पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् । गत आवको सोही अवधिमा भने ५५ अर्ब नौ करोड रुपैयाँका फलाम तथा फलामबाट बनेका सामान भित्रिएको थियो ।

चालु आवको नौ महिनामा ५० अर्ब ४० करोड रुपैयाँको भटमासको कच्चा तेल आयात भएको छ । जबकि गत आवको सोही अवधिमा ३८ अर्ब १५ करोड रुपैयाँको भटमासको कच्चा तेल आयात भयो ।

चालु आवको नौ महिनामा ४९ अर्ब १३ करोड रुपैयाँ पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ । जबकि गत आवको नौ महिनामा भने ४० अर्ब ५७ करोड रुपैयाँको मेसिनरी तथा पार्टपुर्जा भित्रिएको थियो ।

चालु आवको नौ महिनामा ३४ अर्ब १९ करोड रुपैयाँ पर्ने इलेक्ट्रिक मेसिनरी उपकरण र तिनका पार्टपुर्जा भित्रिएको छ भने गत आवको सोही अवधिमा भने ३० अर्ब १४ करोड मूल्यका इलेक्ट्रिक मेसिनरी उपकरण र तिनका पार्टपुर्जा आयात भएको थियो । कार्यालयले चालु आवको नौ महिनामा एक खर्ब ७७ अर्ब ६६ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । रासस

# तीन अर्ब ९७ करोड ६७ लाख राजस्व सङ्कलन




जनकपुरधाम । यहाँस्थित आन्तरिक राजस्व कार्यालयले चालु आर्थिक वर्षको प्रथम नौ महिनामा रु तीन अर्ब ९७ करोड ६७ लाख चार हजार राजस्व सङ्कलन गरेको छ ।

चालु आवको नौ महिनामा रु चार अर्ब ३३ करोड ८२ लाख ७७ हजार सङ्कलन गर्ने लक्ष्य रहेकामा रु तीन अर्ब ९७ करोड ६७ लाख चार हजार सङ्कलन भएको उक्त कार्यालयका प्रमुख आनन्दकुमार गुप्ताले राससलाई जानकारी दिनुभयो ।

हालसम्म आयकरवापत रु एक अर्ब १४ करोड ९४ लाख ५२ हजार, बहालकरवापत रु तीन करोड १८ लाख ९९ हजार , व्याजकरवापत रु छ करोड १७ लाख ८५ हजार, मुल्य अभिवृद्धिकरवापत रु ८१ करोड ९४ लाख २० हजार, अन्तःशुल्कवापत एक अर्ब ८८ करोड ८५ लाख ७१ हजार, स्वास्थ्य सेवाकरवापत रु तीन लाख १० हजार, शिक्षाकरवापत रु एक हजार तथा अन्य वापत दुई करोड ५२ लाख ६६ हजार गरी कुल रु तीन अर्ब ९७ करोड ६७ लाख चार हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख आनन्दकुमार गुप्ताले जानकारी दिनुभयो ।

यसैबीच, समयमा राजस्व दाखिला नगर्ने १२५ व्यावसायिक 'फर्म'लाई कारबाही प्रक्रिया बढाएइएको जानकारी दिँदै कार्यालय प्रमुख गुप्ताले कारबाहीको सूचना सार्वजनिक भएपछि १० वटा व्यावसायिक फर्मले रु चार करोड ३० लाख दाखिला गरेका बताउनुभयो । आन्तरिक राजस्व कार्यालयमा एक लाख ६६ हजार ६५२ करदाता दर्ता छन् । रासस

# सत्याग्रही कर्णको आन्दोलन समाप्त, शिक्षा मन्त्रीको प्रतिबद्धतापछि सहमति

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालय जनकपुरधामको समन्वयमा सञ्चालन भएको सत्याग्रह आन्दोलन अन्ततः समाप्त भएको छ । धनुषा जिल्लाको जनकपुरधाम उपमहानगरपालिका वडा नं. १० का सत्याग्रही धर्मेन्द्र कुमार कर्णले प्रदेश शिक्षा मन्त्री रानी कुमारी तिवारी को प्रतिबद्धतापछि आमरण अनशन तोडेका हुन् ।

कर्ण विगत तीन दिनदेखि जनकचोकस्थित जनक मन्दिर परिसरमा आमरण अनशनमा बसेका थिए । लामो समयको अनशनका कारण उनको स्वास्थ्य अवस्था कमजोर बन्दै गएको थियो ।

सत्याग्रही कर्णले माध्यमिक तहको शिक्षाको गुणस्तर सुधार, भ्रष्टाचारविरुद्ध प्रभावकारी कारबाही, जनप्रतिनिधिहरूसमक्ष पेश गरिएका गुनासाहरू ४८ घण्टाभित्र सम्बोधन हुनुपर्ने व्यवस्था, तथा मठ-मन्दिरका जग्गा व्यक्तिको नाममा दर्ता गर्ने प्रक्रिया रोक्नुपर्ने लगायतका मागहरू अघि सारेका थिए ।




आन्दोलनको अवस्थाबारे जानकारी लिन आयोगका मधेश प्रदेश प्रमुख सहसचिव बुद्धनारायण साहनी, इन्सेक प्रदेश संयोजक राजु पासवान, मानवअधिकार रक्षक वीरेन्द्र कर्ण तथा सञ्चारकर्मीहरूको टोली सत्याग्रहस्थल पुगेको थियो । टोलीले कर्णको स्वास्थ्य अवस्था कमजोर रहेको जनाएको थियो ।

यस विषयमा मधेश प्रदेश सरकार र सम्बन्धित निकायसँग समन्वय गरिएपछि प्रदेश सरकारका तर्फबाट गम्भीर चासो व्यक्त गरिएको थियो । सोही क्रममा शिक्षा मन्त्री तिवारी स्वयं अनशनस्थलमा पुगेर कर्णका मागहरू सम्बोधन गर्ने प्रतिबद्धता जनाएकी थिइन् ।

मन्त्रीको आश्वासनपछि कर्णले जुस ग्रहण गर्दै सत्याग्रह अन्त्य गरेका हुन् । त्यसपछि उनलाई स्वास्थ्य परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ ।

नेपालको संविधानको धारा १७ अनुसारको स्वतन्त्रताको अधिकार प्रयोग गर्दै गरिएको यस शान्तिपूर्ण आन्दोलनका मागप्रति गम्भीरता देखाउँदै समाधानतर्फ अग्रसर भएकोमा आयोगले मधेश प्रदेश सरकारलाई धन्यवाद दिएको छ । साथै, मानवअधिकार संरक्षणमा भूमिका खेलेका सरोकारवाला निकाय र सञ्चारमाध्यमप्रति पनि आभार व्यक्त गरिएको छ ।


आयोगले सत्याग्रहीका मागहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न र मानवअधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धन अझ सुदृढ बनाउन आग्रह गरेको छ ।

# विश्व मातृ पृथ्वी दिवसः दिगो भविष्यका लागि सामूहिक प्रयासको आह्वान

काठमाण्डु । दिगो भविष्यका लागि सामूहिक प्रयासको आह्वान गर्दै आज विश्व मातृ पृथ्वी दिवस विश्वका विभिन्न मुलुकमा विविध कार्यक्रमाका साथ मनाइँदैछ । संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् २००९ देखि प्रत्येक वर्ष अप्रिल २२ मा यो दिवस मनाउन प्रारम्भ भएको हो ।

यो दिवसले पृथ्वीको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्न सामूहिक प्रयास आवश्यक भएको सन्देश दिएको विविधताले रोग उत्पन्न गर्ने सूक्ष्म जीवहरूको तीव्र फैलावट नियन्त्रण गर्छ । हाल करिब १० लाख वनस्पति तथा जनावरका प्रजाति लोप हुने जोखिममा रहेको अनुमान गरिएको छ ।

जलवायु परिवर्तन, प्रकृतिमा मानवीय हस्तक्षेप तथा वन विनाश, भू-उपयोग परिवर्तन, अत्यधिक कृषि तथा पशुपालन र अवैध वन्यजन्तु व्यापारजस्ता गतिविधिले जैविक विविधतामा गम्भीर असर पार्दै पृथ्वीको विनाशलाई तीव्र बनाइरहेका



छ । महासागरहरू प्लास्टिकजन्य फोहरले भरिँदै गएका छन् र तीव्र रूपमा अम्लीय बन्दै गइरहेका छन् । अत्यधिक तापक्रम, डढेलो र बाढीपहिरोका घटनाले लाखौँ मानिस प्रभावित भएका छन् ।

संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वभर हरेक वर्ष करिब एक करोड हेक्टर वन क्षेत्र नष्ट भइरहेको छ । वातावरणविज्ञहरूका अनुसार स्वस्थ पारिस्थितिक प्रणालीले मानिसलाई रोगबाट जोगाउन सहयोग गर्छभने जैविक छन् ।

यस्तो अवस्थामा सुधार गर्न पारिस्थितिक प्रणालीको पुनःस्थापना अत्यावश्यक छ । पारिस्थितिक प्रणाली नै पृथ्वीका सबै जीवको आधार भएकाले यसको संरक्षणले पृथ्वी र मानव जीवनलाई स्वस्थ बनाउने विश्वास गरिएको छ । बिग्रिएको पारिस्थितिक प्रणाली पुनःस्थापना गर्न सकेमा गरिबी न्यूनीकरण, जलवायु परिवर्तनको प्रभाव कम गर्न र प्रजातिको सामूहिक विनाश रोक्न सहयोग पुग्नेछ । रासस

# हरवा चरवाको कार्यविधि तयार पारिने

टुडे समाचारदाता

जनकपुरधाम । हरवा चरवा व्यवस्थापनका लागि लगत संकलन, प्रमाणिकरण र परिचयपत्र बितरण सम्बन्धी कार्यबिधी तयार पार्ने प्रक्रिया तत्काल अघि बढाउने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम प्रसाद पटेलले प्रतिबद्धता जनाएका छन् ।

बुधवार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमै हरवा चरवाको तथ्यांक संकलनका लागि बैठक तथा अन्तरक्रियामा उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

कार्यक्रममा सहभागी हरवा चरवाका प्रतिनिधिहरुले विगतमा कार्यविधि तयार पार्न लगाएर मन्त्रिपरिषदबाट पारित हुने बेलामै सरकार परिवर्तन भएपछि अलपत्र परेका छन् ।

हरवा चरवाका कानूनी सल्लाहकार बालाराम भट्टराईले भने निकै अथक प्रयासले हामीले यस मन्त्रालयबाट कार्यविधि तयार गराएका थियौं मन्त्रीज्यूले मन्त्रिपरिषद्बाट पारित गराएर कार्यान्वयनमा लग्ने बताएका थिए । तर त्यसको केही दिनमै सरकार परिवर्तनपछि आजसम्म प्रदेश सरकारले चासो लिएको छैन ।

मन्त्री पटेलले हरवा चरवाको कुरा जानकारी लिएपछि अहिले मन्त्रालयमा त्योसँग सम्बन्धी कुनै कागजात फेला परेको छैन । तर तत्कालै शुरुदेखि नै प्रक्रिया थाल्ने बताए । अन्तरक्रियामा हरवा चरवाहरुले तत्कालै तथ्यांक संकलनका लागि विशेष आग्रह गरेका थिए ।

हरवा चरवा अधिकार मञ्च केन्द्रका अध्यक्ष दशन मण्डलको अध्यक्षतामा समपन्न सो अन्तरक्रियामा द फ्रिडम फण्ड कार्यक्रमका सल्लाहकार ब्रहमदेव राम लगायतका वक्ताहरुले आ आफ्ना धारणा राखेका थिए ।

# लहान नगरपालिकाद्वारा मुसहर बस्तीमा आवास निर्माण

सिरहा ।ः यहाँको लहान नगरपालिका-२१ कालाबञ्जरस्थित हुरी प्रभावित मुसहर समुदायका लागि नगरपालिकाले पक्की घर निर्माण गरिदिने भएको छ । गत शनिबार साँझ आएको विनाशकारी हुरीले घरको छाना उडाउनुका साथै भौतिक क्षति पुर्‍याएपछि बिचल्लीमा परेका परिवारका लागि नगरपालिकाले सुरक्षित आवासको व्यवस्था गर्न लागेको हो ।

नगरपालिकाले 'ह्याबिट्याट फर ह्युमानिटी' सँगको साझेदारीमा २१ नयाँ सुरक्षित घर निर्माण गर्ने र फुसको छाना उडेका सातवटा घरमा जस्तापाता लगाउने गरी आवास व्यवस्थापनको योजना अघि बढाएको छ । यसै सन्दर्भमा नगरप्रमुख महेशप्रसाद चौधरीले मङ्गलबार प्रभावित बस्तीको स्थलगत निरीक्षण गर्दै केही साताभित्रै निर्माण सुरु गर्नेगरी प्राविधिकहरूले नापजाँचको काम थालिसकेको जानकारी दिनुभयो ।



निरीक्षणका क्रममा नगरप्रमुख चौधरीले भन्नुभयो, "नगरवासीको सुरक्षित बसोबास, शिक्षा र स्वास्थ्य हाम्रो मुख्य प्राथमिकता हो । वातावरणमैत्री पक्की घर बनेपछि यहाँका नागरिकलाई प्राकृतिक विपद्को समयमा सधैँका लागि ढुक्क हुनेछ ।" यसअघि यहाँका पीडित घरपरिवारलाई नगरपालिकाको तर्फबाट राहत वितरण गरिसकेको उहाँले जानकारी दिनुभयो ।

नगरपालिकाले भूमिहीन तथा सुकुम्बासी परिवारको दीर्घकालीन व्यवस्थापनका लागि दोस्रो चरणमा थप ५०० वटा घर निर्माण गर्ने योजना अघि सारेको छ । सुकुम्बासी परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने रणनीतिअनुसार प्राथमिकताका आधारमा यो योजना कार्यान्वयन गरिने नगरप्रमुखले बताउनुभयो ।

गत शनिबारको हुरीले लहान-२४ मा जनता आवास कार्यक्रमअन्तर्गत निर्माण भएका सात र वडा नं १९ मा एक स्थानीयको घरमा समेत क्षति पुर्‍याएको थियो । सोही हुरीका कारण सखुवानन्कारकट्टी गाउँपालिका-२ मक्रमपुरमा घरको पर्खाल भत्किँदा ६० वर्षीया किसुनवती यादवको मृत्यु भएको थियो । रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ४, शान्तिनगर स्थित आफ्नै घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०१/०७ गते करिब राती १०:०० बजे लु.प्र. ०१-००१५ प १८३२ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCTK24116 चेचिस नम्बर MD2A13EX1TCL82710 को बजाज कम्पनीको Pulser 220 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः सुमित कुमार ठाकुर**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-४**
**मो. नं. ९८१७६६३८७३**

# नियम मिचेर खाता संचालन

**दिलिप पाण्डे**

रौतहट । रौतहटको फतुवा विजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उप सचिव कमल प्रसाद दाहालले अर्को पालिकाका कर्मचारीको नाममा नगरपालिकाको खाता संचालन गरेका छन् ।

नगरपालिकाको आफ्नै लेखाका कर्मचारी नभए व्यवस्थापनका लागि प्रदेश सरकारलाइ अनुरोध गनपर्ने ब्यवस्था भएकोमा सो नगरी प्रमुख प्रशासकीय अधिकृत दाहालले गरुडा नगरपालिकाका वडा सचिव राज नारायण प्रसाद यादवको नाममा खाता संचालन गरेको भन्दै उप सचिव दाहालको चर्को आलोचना हुन थालेको छ ।

नियम कानुन बिपरित खाता संचालन गरेर प्रमुख प्रशासकीय अधिकृत दाहालले भ्रस्टाचारलाइ बढावा दिन खोजेको स्थानीयले आरोप लगाएका छन् । प्रदेशले व्यवस्थापन गर्न नसकेको खण्डमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट संघका लेखाका कर्मचारी ल्याएर केहि दिन काम चलाउन सकिने ब्यवस्था रहेको छ ।

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय मधेश प्रदेश सरकारका प्रवक्ता यमेन्द्र उपाध्यायका अनुसार लेखा अधिकृत यादवकै नाममा खाता संचालन गर्नु पर्ने भए दुवै पालिकाको सहमति सहित मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय जनकपुरधाममा निबेदन दिएकै दिन सरुवा गर्न मन्त्रालय तयार रहेको प्रतिक्रिया दिएका छन् । तर प्रदेश सरकारको अधिकार क्षेत्रको काम कारबाहीमा पालिका आफैले मनोमानी ढंगले आफ्ना कर्मचारी अर्को पालिकामा खटाउन नमिल्ने बताए । यस सम्बन्धमा फतुवा विजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दाहालले कोष तथा लेखा नियन्त्रक कार्यालयले अधिकारको दुरुपयोग गर्दै गरुडा नगरपालिकाको वडा सचिवको जिम्मेवारीमा रहेका यादवलाई लेखाको कर्मचारी भनेर कामकाजमा खटाएको बताएका छन् ।



कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका कोष नियन्त्रक धर्मेन्द्र कुमार यादवले मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय जस्तै कोष तथा लेखा नियन्त्रक कार्यालयले लेखाको कर्मचारी एक पालिकाबाट अर्को पालिकामा काज खटाउने गरेको बताए ।


**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक



| | |
|---|---|
| मेष : | आज नयाँ सुरुवातका लागि अनुकूल समय छ । |
| वृष : | आज खर्च बढ्ने सम्भावना छ, सतर्क रहनुहोस् । |
| मिथुन : | नयाँ अवसर र भेटघाट सम्भव छ । मित्रता र सम्बन्धमा सुधार आउनेछ । |
| कर्कट : | भावनात्मक निर्णय नगर्नुहोस् । कार्यस्थलमा तनाव बढ्न सक्छ । |
| सिंह : | पुराना काम पूरा गर्न सजिलो हुनेछ । आत्मबल र प्रतिष्ठा बढ्नेछ । |
| कन्या : | कामको चाप बढ्नेछ, तर परिणाम राम्रो आउँछ । |
| तुला : | आज नयाँ प्रस्ताव वा असर प्राप्त हुन सक्छ । धेरै व्यस्त रहनुपर्ने समय हो । |
| वृश्चिक : | गोपनीयता कायम राख्नुहोस् । पुराना गल्ती सुध्रयाउने मौका मिल्नेछ । |
| धनु : | शिक्षा र यात्राका अवसर बढ्नेछन् । आर्थिक पक्ष स्थिर रहनेछ । |
| मकर : | काममा ध्यान केन्द्रित गर्न सक्ने समय हो । |
| कुम्भः | आकस्मिक खर्च बढ्न सक्छ । |
| मीनः | सृजनशील काममा सफलता मिल्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जैविक विविधता तथा वन्यजन्तुको सम्बन्धको दीर्घकालीन खोजी

काठमाण्डु । जैविक विविधता संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'जैविक विविधता तथा रेडपाण्डा-थार अन्तरराष्ट्रिय सम्मेलन'ले वनस्पति, जीवाणु र तिनीहरूको आपसी सम्बन्धलाई दीर्घकालीन बनाउने प्रतिबद्धता प्रकट गरेको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाद्वारा यही वैशाख ४ देखि ६ गतेसम्म सञ्चालित सम्मेलनले पृथ्वीमा रहेका सम्पूर्ण प्राणीको सहअस्तित्वलाई सुदृढ गर्ने प्रतिबद्धता गरेको हो ।

सम्मेलनलाई सफल बनाउन कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भूसंरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, त्रिभुवन विश्वविद्यालय, नेपाल प्रज्ञा प्रतिष्ठानलगायतले सहकार्य गरेका थिए । नेपालले जैविक विविधता संरक्षणका लागि सन् १९६० को दशकदेखि विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ ।

प्रकृतिमा आधारित जीविकोपार्जन एवं रोजगारी सृजना, दिगो विकास तथा पर्यापर्यटन प्रवर्द्धन, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनलगायत विषयमा परम्परागत ज्ञानको समीक्षा, वैज्ञानिक ज्ञान र राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुभवलाई एकीकृत गर्दै आगमी दिनमा सशक्त कार्यक्रम सञ्चालन गर्न सम्मेलनबाट सुझाव प्राप्त भएको नगरपालिका प्रमुख तीर्थराज भट्टराईले जानकारी दिनुभयो ।

नेपाल, भारत, भुटान, बङ्गलादेश, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र जर्मनीका सहभागी प्रतिनिधि तथा विषयविज्ञको सहभागितामा घनिभूत छलफलपछि स्थानीय तहको सहभागितामा वनजङ्गल, खोला खोल्सी, पोखरी, तालतलैया, सिमसार, जडीबुटी र जैविक मार्गको पुनःस्थापना तथा दिगो व्यवस्थापनसहितका कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहकार्यलाई अभिवृद्धि गर्ने प्रस्ताव पारित गरिएको छ । जैविक विविधता साथै वन्यजन्तु संरक्षणलाई उच्च प्राथमिकतामा राख्ने, स्थानीय समुदायको सहभागितामा सात बुँदे 'दिक्तेल घोषणापत्र' जारी गरिएको छ ।

नेपालले सन् १९९२ को रियो सम्मेलनमा पारित जैविक विविधता महासन्धिमा नेपालले सन् १९९४ मा हस्ताक्षर गरेपछि जैविक विविधता संरक्षणमा संवैधानिक, कानुनी, नीतिगत, संस्थागत तथा संरचनागत व्यवस्था गरी कार्यान्वयन गरेको पाइन्छ । लोपोन्मुख प्रजाति रेडपान्डा (हाब्रे) र थारको संरक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सङ्घ, प्रदेश, स्थानीय तहका सरकार, संरक्षण साझेदार संस्था, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र र अन्य सरोकार भएका निकायहरूसँग सहकार्य गर्ने घोषणा गरिएको छ ।

किरात संस्कृति तथा मुन्दुमी सभ्यताको संरक्षण एवं प्रवर्द्धन, मुन्दुम ट्रेल (पदमार्ग)सँग जोड्न रेडपान्डा-थार पदमार्ग तथा अन्य ऐतिहासिक-सांस्कृतिक पदमार्गहरूको विकास गर्ने, प्रकृति र संस्कृतिबीचको अन्तरसम्बन्धलाई सुदृढीकरण गर्न प्रशिक्षण तथा समुदायमा आधारित होमस्टे (घरबास) कार्यक्रम सञ्चालन गरेर पर्यापर्यटन प्रवर्द्धन गर्नेलगायत विषयमा प्रतिबद्धता प्रकट गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा नेत्र एटमले पछिल्ला समय प्रविधिको विकाससँगै



> "विशिष्ट भौगोलिक परिवेश, उचाइगत विविधता र जलवायु विविधताका कारण वन, घाँसेमैदान, सिमसार क्षेत्र र कृषि प्रणालीमा समेत समस्या आउँछ, लोपोन्मुख वन्यजन्तुको संरक्षणमा चुनौती थपिएको छ ।"

जलवायु परिवर्तनको असर बढेकाले हिमशृङ्खला पग्लने क्रम विकास भएको बताउँदै यसले समग्र जीव, प्राणी, वनस्पतिको विकासमा समस्या ल्याउने तथा अस्तित्व सङ्कटमा पुग्न सक्ने बताउनुभयो । उहाँले यस सङ्कटलाई न्यूनीकरण गर्न परम्परागत ज्ञान, सीप र अभ्यासलाई आधुनिक प्रविधिसँग संयोजन गर्नुपर्ने बताउँदै उहाँले भन्नुभयो, "विशिष्ट भौगोलिक परिवेश, उचाइगत विविधता र जलवायु विविधताका कारण वन, घाँसेमैदान, सिमसार क्षेत्र र कृषि प्रणालीमा समेत समस्या आउँछ, लोपोन्मुख वन्यजन्तुको संरक्षणमा चुनौती थपिएको छ ।"

जैविक विविधता महासन्धिअनुसार पृथ्वीको जल, स्थल र आकाशमा आफ्नो जीवनयापन गर्ने सम्पूर्ण जीवजन्तु, वनस्पति र मानवबीचको सहअस्तित्व तथा अन्तरसम्बन्धमा रहेको विविधतालाई जैविक विविधता भनिएको छ । स्थलीय, जलीय, सामुन्द्रिक, सिमसार, मरुभूमि, हिमवत् क्षेत्र र पारिस्थितीय पद्दतिअन्तर्गत सम्पूर्ण जीव, जीवाणु र तिनीहरूको आनुवांशिकताबीचको भिन्नतालाई जैविक विविधताका रूपमा लिइएको छ ।

राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४-२०२०) अनुसार नेपालमा एक सय १८ वटा पारिस्थितिक प्रणालीको पहिचान गरिएकामा ८० पारिस्थितिक प्रणाली संरक्षण क्षेत्रमा पाइन्छन् । एकआपसमा प्रजनन गर्न सक्ने क्षमता भएका प्राणी तथा वनस्पतिको समूहलाई प्रजाति भनिन्छ । प्राणी तथा वनस्पतिका भिन्न प्रजातिको अस्तित्वलाई प्रजातिगत विविधता भनिन्छ । 'जीन'को विविध किसिमलाई आनुवांशिक-वंशाणुगत विविधता मानिएको छ । एकपटक लोप भएको आनुवांशिक पदार्थ पुनः प्राप्त गर्न नसकिने हुँदा जीवको अस्थित्व लोप भएर जान्छ ।

विश्वमा पाइने कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत तथा कुल प्राणी प्रजातिको १.१ प्रतिशत नेपालमा पाइन्छ भने कुल स्तनधारीको ५.२ प्रतिशत प्रजाति नेपालमा पाइन्छ । मुलुका करिब तीन सय प्रजातिका फूल फुल्ने वनस्पति तथा १४ प्रजातिका घस्रने रैथाने प्रजाति भएको बताइएको छ ।

जैविक विविधताको आर्थिक, सामाजिक, वातावरणीय, मानवीय तथा अन्य आयामसँग सहसम्बन्धित रहेकाले यसले पृथ्वीमा जैविक कार्यप्रणाली र जैविक वस्तुको दिगोपन एवं निरन्तरताका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)का उपकुलपति दिलीप सुब्बाले बताउनुभयो । मानव समुदायका लागि गास, बास र कपास जैविक विविधताकै उपज हुन् । दिगो विकास तथा पर्यटनको आधार मान्न सकिन्छ ।

वन्यजन्तु, जङ्गली जनावरका समस्या पहिचान गरी पूर्वसूचना प्रणाली, उपयुक्त छेकबार, समुदायमा आधारित बीमा एवं क्षतिपूर्ति प्रणाली, वन्यजन्तुबाट कम हानि-नोक्सानी हुने खेतीबाली तथा सामुदायिक द्रुत प्रतिकार्य टोली स्थापना गर्न सकेमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्भव छ । हिमाली जैविक विविधताको संरक्षण, संवर्द्धन र ज्ञान अभिवृद्धिको सन्देश प्रवाह गर्ने उद्देश्यले नेपाल र भारतका साहित्यकारको समूहले खोटाङको चखुवादेखि भोजपुरको टेम्केडाँडासम्म सम्मेलनका क्रममा पदयात्रा गरेका थिए ।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव धनप्रसाद सुवेदी नेतृत्वको उक्त प्रतिनिधिमण्डलले करिब १५ किलोमिटर दूरीको पदयात्राका क्रममा स्वरोजगार, स्थानीय सीप र रैथाने सामग्रीको प्रयोग तथा पर्यटन प्रवर्द्धनमा सन्देश प्रवाह गरिएको थियो । पहिचान भएका वन्यजन्तुको अनुगमन तथा आहार-बिहारसम्बन्धी प्रभावकारी अध्ययन अनुसन्धानबारे प्रचारप्रसार गरिएको थियो ।

देशको विविधतायुक्त भौगोलिक अवस्थितिका कारण नेपालका हिमाल, पहाड, तराईका फरक हावापानी, तापक्रम पाइने भएकाले पनि विश्वमा जैविक विविधतामा सम्पन्न छ । समुन्द्र सतहदेखि तीन हजार ११५ मिटर अग्लो टेम्केडाँडा आसपास क्षेत्रको पदयात्रा गर्दा गुरा, चाप, कलकल बगेका झरना, प्रकृति, हावापानीले यात्रीलाई आनन्दको अनुभूति गराएको छ । विभिन्न स्थानका विविध प्रकारका जलवायुमा पाइने वनस्पति तथा वन्यजन्तुले उपयुक्त बासस्थान पाएका छन् । यहाँबाट विश्वको सर्वोच्च शिखर सगरमाथा नजिकबाट अवलोकन गर्न सकिन्छ ।

सम्मेलनमा साहित्यकार नगेन्द्र रेग्मीले प्रकाशन गर्नुभएको तुल्सीलाल स्मृति ग्रन्थ विमोचन गरिएको जैविक विविधता संरक्षण र दीर्घकालीन योजना निर्माण, लोपोन्मुख वन्यजन्तु संरक्षित क्षेत्र र प्राथमिकतामा राख्नुपर्नेमा समीक्षा गरिएको थियो । छिमेकी राष्ट्र भारतका वरिष्ठ साहित्यकार जीवन राणाले विमोचन गर्नुभएको उक्त पुस्तकमा साहित्यिक, ऐतिहासिक, राजनीतिक, सामाजिक, आर्थिक विकासका बारे समावेश गरिएको छ । साहित्यिक सङ्गोष्ठिमा कविहरूले रचनामार्फत कार्वन व्यापारको अवधारणाबाट अधिकतम् लाभ हासिल गर्न, कृषिजन्य तथा पशुजन्य उत्पादन प्राप्त गर्न, जडीबुटी तथा औषधिजन्य पदार्थहरू प्राप्त गर्न जैविक विविधताको संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

विश्वमा जलवायु परिवर्तनका कारण आएका सामाजिक, आर्थिक, मनोवैज्ञानिक, वातावरणीय परिवर्तनका कारण वन्यजन्तु र जैविक विविधता सङ्कटमा पर्दै गएकाले समस्या समाधानका विकल्प पहिचान गर्न नेपाल र भारतका साहित्यकारले कविता वाचनसमेत गरेका थिए । लोपोन्मुख वन्यजन्तु रेडपाण्डा र थारको बाँसबाट बनाइएका कलात्मक चित्र आकर्षणको केन्द्र बनेको सम्मेलनमा संरक्षणसम्बन्धी सडक नाटक प्रदर्शन गरिएको थियो ।

सरकारको १०० पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल' पदमार्ग नजिकको जङ्गलमा रेडपाण्डा पाइने भएकाले 'मुन्दुम ट्रेल-रेडपाण्डा-थार रुट' पदमार्ग प्रवर्द्धन गर्ने नगरपालिकाको योजना छ । राजनीतिज्ञ विष्णु आभूषणले नेपाल जैविक विविधताको दृष्टिले सम्पन्न मुलुक भए पनि विश्वव्यापी रूपमा जैविक विविधताको विनास द्रुतगतिमा अघि बढिरहेको बताउँदै दीर्घकालीन योजना निर्माण, लोपोन्मुख वन्यजन्तु प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो ।

उहाँका अनुसार बढ्दो जनसङ्ख्या, अव्यवस्थित बसोबास, सहरीकरण, औद्योगीकरण, पेट्रोलियम पदार्थको अत्यधिक खपत, कृषि क्षेत्रमा रासायनिक प्रयोगमा अत्यधिक वृद्धिले पर्यावरण तथा उपभोग्य वस्तुमा पाइने विषादीका कारण जैविक विविधता सङ्कटमा परेको पाइएको छ ।

अतिवृष्टि, अनावृष्टि, दैवी प्रकोप प्राकृतिक तथा मानवीय कारणहरूले गर्दा जैविक प्राणीहरूको बासस्थान तथा खाद्यान्नको अभाव हुँदै आएको छ । मानवीय गतिविधि तथा प्राकृतिक विपद्का कारण केही वनस्पति तथा वन्यजन्तु दुर्लभ र लोपोन्मुख अवस्थामा पुगेका छन् । विश्वको लोपोन्मुख वन्यजन्तुमा पर्ने खोटाङमा रहेको पुष्टि भएपछि 'समुदायमा आधारित रेडपाण्डा 'समुदायमा आधारित रेडपाण्डा संरक्षण कार्यक्रम' सञ्चालन गरिएको छ ।

किरात समुदायको उद्गमस्थल हलेसीस्थित तुवाचुङ-जायजुम हुँदै मध्यपहाडी लोकमार्ग सडकखण्डको हुर्लुङदेखि रूपाकोटबाट बगरेभञ्ज्याङ, सिकुरीभञ्ज्याङ, साप्सुढाप, मेरुङ हुँदै मुन्दुम ट्रेल जोड्ने पदमार्गलाई 'मुन्दुम ट्रेल रेडपाण्डा-थार रुट' नामकरण गरिएको छ । स्थानीयस्तरमै रोजगारी सृजना गर्ने उद्देश्यसहित बाँस तथा बाँससम्बन्धी उद्योगको प्रवर्द्धन कार्यसमेत सञ्चालित छन् । बाँसबाट बनाइएका कलात्मक वस्तुले पनि यहाँको सौन्दर्य थपेको छ ।

स्थानीयस्तरमा बाँसलाई भवन निर्माण, हस्तकला, व्यावसायिक उत्पादन तथा वातावरणमैत्री बनाउन, बाँससम्बन्धी सीप विकास, प्रविधि विस्तार र उद्यमशीलता प्रोत्साहनमा सहयोग गरेको नगरपालिकाले बाँस तथा बाँसजन्य सामग्रीको प्रवर्द्धन एवं नीति निर्माणका लागि पहल गरेपछि सहरी विकास मन्त्रालयबाट बाँसका संरचना निर्माणसम्बन्धी मार्गदर्शन स्वीकृत भएको छ । संरचना निर्माणमा मितव्ययिता अपनाउन प्राविधिक विवरण रहेको मार्गदर्शनमा भूकम्प प्रतिरोधी, वातावरणमैत्री, घरका नमूना डिजाइनसमेत समावेश गरिएका छन् ।

नेपालमा ७५ प्रकारका वनस्पति वर्ग, ३५ प्रकारका वन, वनस्पति र प्राणी १० हजार बढी प्रजाति पहिचान भएका छन् । बीसवटा संरक्षित क्षेत्र, १० अन्तरराष्ट्रिय महत्वका सिमसार क्षेत्र, ११ वनस्पति उद्यान, २३ हजारभन्दा बढी सामुदायिक वन र १० हजारभन्दा बढी अन्य समुदायमा आधारित वनमा लाखौं प्रजातिका जैविक विविधता पाइने जनाइएको छ । रासस

## वडा कार्यालय पुग्न २४ किलोमिटर दूरी पार गर्नुपर्ने

राँझा । बाँकेको राप्तीसोनारी गाउँपालिकाको विकट क्षेत्रमा रहेको बासखली चुनभट्टी क्षेत्रका वस्तीबाट वडा कार्यालय पुग्न करिब २४ किलोमिटर दूरी पार गर्नुपर्ने बाध्यता रहेको छ ।

भारतीय सीमावर्ती क्षेत्रमा अवस्थित बासखली, चुनभट्टी, खैरभट्टी, कुन्टेपानी, महेशपुर, गुर्दनगौडी, जुरुवा र तल्लो बासखली लगायतका क्षेत्रबाट वडा कार्यालय राप्तीसोनारी-४ बैजापुर पुग्न कम्तीमा चार घण्टा लाग्ने बैजापुरका स्थानीय अगुवा तुलसीराम थारुले बताउनुभयो ।

"सडक नहुँदा वडा कार्यालयमा सेवा लिन चार घण्टा हिँडेर पुग्नुपर्ने बाध्यता रहेको छ", थारुले भन्नुभयो, "यहाँका जनताले स्थानीय सरकारको अनुभूतिसम्म गर्न नपाएकाले अब सहज सेवा सुविधाको लागि छुट्टै वडा कायम गर्नुपर्दछ ।"

उहाँका अनुसार, राप्तीसोनारी गाउँपालिकाको दुर्गम क्षेत्रका रूपमा चिनिने गुर्दनगौडी र खयरभट्टी क्षेत्रका जनताको अवस्था निकै कष्टकर छ । यस क्षेत्रका जनताले अझै पनि आधारभूत सेवा सुविधाबाट वञ्चित हुनुपरेको छ । वडा कार्यालयबाट खयरभट्टीसम्म करिब १४ किलोमिटर दूरी भए पनि भारतीय सीमा क्षेत्रमा रहेको महेशपुर थप १० किलोमिटर टाढा रहेको छ ।

वडा कार्यालयको केन्द्र बैजापुरबाट टाढा र दुर्गममा पर्ने भएकाले खयरभट्टी क्षेत्रमा सेवा प्रवाहमा कठिनाइ हुने गरेको वडाध्यक्ष मीनराज खड्काले जानकारी दिनुभयो । खयरभट्टी क्षेत्रका नागरिक न्यूनतम आधारभूत सेवाबाट वञ्चित रहँदै आएका छन् । तीन सय ५० घरधुरी र करिब ४०० मतदाता रहेको यो क्षेत्रलाई छुट्टै वडा र मतदान केन्द्र कायम गर्नुपर्ने माग अनौपचारिक रुपमा उठ्दै आए पनि औपचारिक रुपमा प्रवेश हुन नपाएको उहाँले बताउनुभयो ।

गाउँसम्म पुग्ने सडक नहुँदा पैदल यात्रा गर्नुपर्ने बाध्यता रहेको छ । स्वास्थ्य, शिक्षा र खानेपानीको समस्या रहेको छ । गाउँपालिकाका प्रवक्तासमेत रहनुभएका वडाध्यक्ष खड्काले नागरिकलाई पायक पर्ने स्थानमा वडा कार्यालय र मतदान केन्द्र कायम गरिनुपर्ने माग औपचारिक रुपमा माग आए कार्यपालिकामा पेस गरेर प्रक्रिया अगाडि बढाइने बताउनुभयो ।

यो क्षेत्रमा स्वास्थ्य चौकी वा सहज स्वास्थ्य सेवाको पहुँच नहुँदा सामान्य बिरामी पर्दा निकै टाढासम्म जानुपर्ने र प्रसूति सेवाको अभावमा जोखिमपूर्ण अवस्थामा बस्नुपर्ने बाध्यता छ । शिक्षाको अवस्था नाजुक छ । बालबालिकाहरू लामो दुरी पैदल हिँडेर विद्यालय जान बाध्य छन्, जसले गर्दा विद्यालय छोड्ने दर उच्च छ ।रासस

# एकैपटक सम्पत्ति शुद्धिकरण र भ्रष्टाचार मुद्दा दायर




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसनधान आयोगले भ्रष्टाचार र सम्पत्ति शुद्धिकरण गरेको अभियोगमा पुरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर पूर्णबहादुर श्रेष्ठ र सहायक पथ प्रदर्शक देउकला अधिकारी विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

निर्माण सेवाका सञ्चालक तथा सम्वद्ध संयुक्त उपक्रमहरुको बैंक खाताबाट देउकला अधिकारीको नाममा रहेको बैंक खातामा रकम जम्मा गराएको पाइएको छ । आयोगका अनुसार, त्यसरी प्राप्त भएको घुस रकमबाट संयुक्त रुपमा सम्पत्ति खरिद गरेको पाइएको छ । निर्माण सेवा प्रालिले एकल वा संयुक्त उपक्रममा समावेश भई विभागले गरेको ठेक्का सम्झौता मध्ये कुल रु ६४ करोड २१ लाख ८९ हजार बराबरको ठेक्कामा रु चार करोड २२ लाख ७५ हजार, नौ सय ८५ बराबरको रकम घुस लिएको आयोगको आरोप छ ।

भ्रष्टाचार गरेर आर्जन गरेको रकमबाट आपसी मिलेमतो र योजनामा जग्गा एवम् सुन खरिद गरेको तथा विभिन्न व्यक्तिलाई भुक्तानी समेत गरेको पाइएको आयोगले जनाएको छ । गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाउने रुपान्तरण तथा हस्तान्तरण गर्ने गराउने कार्य गैरकानुनी कार्य भएको ठहर गरिएको छ ।

पूरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर श्रेष्ठ र सहायक पथप्रदर्शक अधिकारी विरुद्ध समान रु चार करोड २२ लाख ७५ हजार नौ सय ८५ बराबरको बिगो दावी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो । रासस

# सवारी साधनको ठक्करबाट पैदलयात्रीको मृत्यु

मध्यविन्दु । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोट नगरपालिका-१० सिस्नेस्थित पूर्वपश्चिम राजमार्गमा सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

गैंडाकोटबाट कावासोतीतर्फ जाँदै गरेको बा२भ ३८५४ नम्बरको टाटा सुमोले गए राति पैदलयात्री चितवनको भरतपुर महानगरपालिका-२५ का ४७ वर्षीय श्यामबहादुर भुजेललाई ठक्कर दिएको थियो । दुर्घटनामा परेर गम्भीर घाइते भएका भुजेलको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)का प्रहरी उपरीक्षक युवराज खड्काले बताउनुभयो ।

दुर्घटनामा संलग्न सवारीसाधन र चालकलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ । ठक्कर दिने सवारीसाधन कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलनिका) नवलपरासी (बर्दघाट सुस्तापूर्व)को रहेको प्रहरी उपरीक्ष खड्काले जानकारी दिनुभयो । रासस

# ढुङ्गा ढुङ्गामा कोरिँदै मूर्तिकला

मुस्ताङ । घरपझोङ गाउँपालिकाले पन्ध्र दिने घरपझोङ मूर्तिकला कार्यशाला शुभारम्भ गरेको छ । घरपझोङ गाउँपालिकाको आयोजना तथा ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौँको सहकार्यमा मूर्तिकला कार्यशाला आयोजना गरिएको हो ।

मुस्ताङ जिल्लाको समग्र धार्मिक तथा सांस्कृतिक सम्पदा एवं यहाँको मौलिकता, रहनसहन, जैविक विविधतालाई झल्काउने गरी मूर्तिकलामार्फतबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित मूर्तिकला कार्यशाला गरिएको हो । कालिगण्डकी नदीमा पाईने विशाल ढुङ्गालाई बाहिर निकालेर मूर्तिकारहरुले यहाँको मौलिकता झल्किने सृजनालाई मूर्तिकलाको स्वरुपमा बदल्ने भएका छन् ।

कालगण्डकी नदीमा पाइने ढुङ्गालाई छनौट गरी मूर्तिकला कुद्न दर्जनौं ढुङ्गामा जोमसोममा एकत्रित गरी सङ्कलन गरिएको छ । सीमित स्रोत मात्रै उपलब्ध भएकाले अपेक्षा गरे अनुरुपका ढुङ्गाहरु सङ्कलन गर्न सकिएको छैन । घरपझोङ गाउँपालिकाले सङ्कलन गरी राखेका कालिगण्डकी विशाल ढुङ्गामा विभिन्न प्रकारका मूर्तिहरुको आकृति कोरिने योजना रहेको छ ।



घरपझोङ मूर्तिकला कार्यशालाका लागि ललितकला प्रज्ञा प्रतिष्ठानको समन्वयमा २१ मूर्तिकार र एक दर्जन बढी सहयोगी मूर्तिकार मुस्ताङ आई पुगेर काम सुरु गरिसकेको ललितकला प्रज्ञा प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले जानकारी दिनुभयो । कालिगण्डकी नदीका ढुङ्गाहरुमा यहाँको जीवन्त मौलिक कलासंस्कृतिलाई मूर्तिकलामार्फत उजागर गरिने प्रमुख महतोले बताउनुभयो ।

यहाँको मौलिक पहिचान र कलाकारको सृजनालाई मूर्तिकलाको माध्यमबाट मूर्त रुप दिइने छ । धार्मिक तथा पर्यटकीय जिल्लाको रुपमा रहेको मुस्ताङलाई यहाँको पर्यटन विकासमा योगदान पुग्ने गरी १५ दिने कार्यशालाले ठूलो टेवा पुऱ्याउन सक्ने प्रमुख महतोको भनाइ छ ।


घरपझोङ मूर्तिकला कार्यशाला २१ वैशाखसम्म चल्ने छ । ढुङ्गामा कुदिने मूर्तिकलाबाट यहाँको भगवान विष्णुको स्वरुप शालिग्राम, भगवान नारायण,बुद्ध र गुरु पद्मसम्भव अर्थात गुरु रिन्पोर्छे, घरपझोङको पहिचान घरपझोङ किल्लाको आकृति कोरिने बताइएको छ ।

यसैगरी कालिगण्डकी नदीका ढुङ्गाहरुमा यहाँको धर्मसस्कृति, रहनसहन, हिउँ चितुवा, याकचौरीलगायतका यहाँको पर्यावरणको सम्पूर्ण प्रतिनिधित्व झल्काउने गरी मूर्तिकारहरुले आफ्नो सृजना पस्किने प्रमुख महतोले उल्लेख गर्नुभयो । यहाँको मूर्तिकला कार्यशालामा कार्य अवधिभर २१ ठूला आकारका ढुङ्गामा मूर्तिकला सृजना प्रस्तुत हुनेछन् । यसका अलावा तोकिएको अवधिभन्दा अघि नै ढुङ्गामा मूर्तिकलाको काम सकिएमा थप अरु ढुङ्गाहरुमा क्रमशः मूर्तिकला कुद्ने लक्ष्य राखिएको छ । घरपझोङ मूर्तिकला कार्यशालाले मुस्ताङको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुऱ्याउने गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताउनुभयो ।

मुस्ताङको कालिगण्डकी नदीमा पाइने सबै ढुङ्गाहरु स्वतः शालिग्राम रहेको उल्लेख गर्दै अध्यक्ष लालचनले पर्यटकहरुको घुमफिर गर्ने बसाइ लम्याउने उद्देश्यले मूर्तिकला कार्यशाला चलाइएको बताउनुभयो । मुस्ताङमा अधिकांश धार्मिक पर्यटक हिन्दू धर्मालम्बीको रहेकाले यहाँको पवित्र ढुङ्गा (शीला) मा हिन्दू तथा बौद्ध धर्मको समान अस्तित्व रहेने गरी मूर्तिकारले आफ्ना सृजना कोर्ने कार्यक्रम रहेको छ । कोरला नाका, उपल्लो मुस्ताङ र मुक्तिनाथ दर्शन गरी फर्किने पर्यटकहरु सिधैं गन्तव्यतर्फ प्रस्थान गर्ने भएकाले मूर्तिकलाको प्रस्तुतीले पर्यटकहरुको बसाइ लम्याउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

घरभफोङ गाउँपालिका कार्यालय नजिकैको खुला प्राङ्गणमा मूर्तिकला सुरु गरिएको छ । यसका लागि घरपझोङ गाउँपालिकाले ढुङ्गा र विद्युत् व्यवस्थापन मिलाएको छ । काठमाडौंकी मूर्तिकार अनमारी तामाङले मुस्ताङको उच्च उचाइको स्थानमा पहिलो पटक मूर्तिकला प्रस्तुत गर्न आइपुगेको जानकारी दिनुभयो । तराई र पहाडका क्षेत्रमा मूर्तिकला कोर्ने अनुभवभन्दा यहाँको मूर्तिकला अनुभव केही फरक रहेको बताउनुभयो । यहाँको हावाहुरी र चिसोका कारण मूर्तिकला कुद्न केही असहज हुने मूर्तिकार तामाङले उल्लेख गर्नुभयो ।

घरपझोङ मूर्तिकला कार्यशालामा कोरिएका ढुङ्गालाई जोमसोम बजारको कालीगण्डकी नदीको दायाँबायाँ किनारामा पार्क निर्माण गरी प्रतिस्थापन गर्ने जनाइएको छ । सोमबारदेखि सुरु गरिएको मूर्तिकला कार्यशालामा अहिले मूर्तिकारहरुले यहाँको ढुङ्गाहरुको अध्ययन गर्ने र मूर्तिकलाका लागि सेफ तयार गर्ने लगायतका काम गरेको बताइएको छ । ढुङ्गामा कोरिएका मूर्तिकलाबाट समग्र मुस्ताङ जिल्लाको पहिचानलाई झल्काउने कार्यशालाको मूल उद्देश्य रहेको छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अडिग बालेन

भ्रष्टाचार शून्य सहनशीलतालाई मुख्य अधार बनाएका प्रधानमन्त्री बालेन्द्र साह(बालेन)ले एक महिना भित्र नै दुई जना मन्त्रीलाई पदमूक्त गरेका छन् । पछिल्लो पटक अत्यन्त प्रभावशाली गृहमन्त्री सुधन गुरुङ पदमुक्त भएका छन् । गुरुङलाई राजीनामा दिने अवसर प्राप्त भएको हो । चार दिनदेखि गुरुङ पदमुक्त हुने चर्चा चलिरहेको थियो । उनीमाथि लागेको आरोप गम्भीर प्रकृतिको छ । सम्पत्ति शुद्धीकरण मुद्दामा व्यवसायी दीपक भट्टलाई पक्राउ गरी छानबिनको प्रक्रिया अगाडि बढेपछि निवर्तमान गृहमन्त्री गुरुङको संलग्नता बाहिरिएको थियो । मन्त्रीहरुले प्रधानमन्त्री कार्यालय मार्फत सार्वजनिक गरेको सम्पत्ति विवरणमा पनि विवादमा परे । विवादै विवादमा परेपछि उनले २६ दिनमा राजीनामा दिन बाध्य भएका छन् । बुधबार गुरुङले प्रधानमन्त्री साहलाई राजीनामा बुझाएका हुन् । मन्त्री भएको २४ घण्टा भित्रै उनले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गराए । त्यसपछि गुरुङले सामाजिक सञ्जाल (फेसबुक) मा जेन- जी आन्दोलनका सहिदको शवको तस्बिर राखेर लेखे, 'प्रतिज्ञा भनेको प्रतिज्ञा हो : कानुन भन्दा माथि कोही छैन, पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान गृहमन्त्री रमेश लेखकलाई नियन्त्रणमा लिएका छौँ । यो कसैप्रति प्रतिशोध होइन, केवल न्यायको सुरुवात हो । मलाई विश्वास छ, अब देशले नयाँ दिशा लिनेछ ।' लगातार हाइप्रोफाइलहरु पक्राउको श्रृंखला शुरु गरेका गुरुङले पूर्वमन्त्री दीपक खड्कालाई पनि पक्राउ गरे । तर व्यवसायी दीपक भट्ट र शंकर ग्रुपका अध्यक्ष शंकरलाल अग्रवाललाई पक्राउ गराएपछि शुरु भएको अनुसन्धानले गुरुङलाई नै बाँकी राखेन । गुरुङलाई गृहमन्त्री बनाउन प्रधानमन्त्री साहले नै चाहेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का अध्यक्ष रवि लामिछानेले पार्टीका उपाध्यक्ष डीपी अर्याललाई गृहमन्त्री बनाउन चाहेका थिए । तर प्रधानमन्त्री साहको चाहनालाई उनले रोक्न सकेन । गुरुङ जेन- जी आन्दोलनपछि अन्तरिम सरकार गठनका लागि भएको प्रयासमा नेतृत्वदायी भूमिकामा थिए । अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीले उनलाई जेठो छोरा भनेकी थिइन् । प्रधानमन्त्री साहले गुरुङलाई राजीनामा मागेका थिए । तर गुरुङले पदमै रहिरहने अनेक जुक्ति लगाइरहेका थिए । भ्रष्टाचार शून्य सहनशीलताको सिद्धान्तमा अडिग रहेका प्रधानमन्त्री बालेन्द्रले गुरुङलाई राजीनामा नदिए कारबाही चलाउने धम्की समेत दिनु परेको बताइन्छ । गुरुङले पार्टी अध्यक्ष र प्रधानमन्त्रीलाई धम्की दिए पनि त्यो सफल हुन सकेन । श्रीमती बीमा प्राधिकरणको सदस्यमा पुनर्बहाली भएको आरोपमा श्रममन्त्री दीपक कुमार साहलाई तत्कालै पदमूक्त गरिएको थियो । तर गुरुङलाई राजीनामा दिने अवसर प्रदान गरिएको थियो । यसले प्रधानमन्त्री साहले भूगोलको आधारमा दण्डित गरेको आरोप तराई/मधेशमा लगाउन थालिएको छ ।

# सामुदायिक विद्युतीकरणमा नीतिगत एवं व्यवस्थापकीय सुधारको पहल



● नारायण ज्ञवाली

ऊर्जा क्षेत्रजस्तो दीर्घकालीन प्रभाव पार्ने क्षेत्रमा समन्वय, निरन्तरता र स्पष्ट नीति दिशा अपरिहार्य छ । दिगो ऊर्जा विकासका लागि संस्थागत स्थिरता, उत्तरदायी कार्यान्वयन र बहुपक्षीय सहकार्य अपरिहार्य आधार हुन् । यी तत्वलाई केन्द्रमा राख्दा विश्वास निर्माण हुन्छ र दीर्घकालीन प्रगति सुनिश्चित हुन्छ । नेपालमा जलविद्युत् उत्पादनको इतिहास एक शताब्दीभन्दा बढी (११४ वर्ष) पुरानो भए पनि अझैसम्म पूर्ण विद्युतीकरण हासिल हुनसकेको छैन ।

विशेषगरी ग्रामीण क्षेत्रमा सामुदायिक विद्युतीकरणमार्फत उज्यालो नेपाल बनाउने अभियानमा सामुदायिक संस्थाहरूले खेलेको भूमिका अत्यन्तै महत्त्वपूर्ण र प्रशंसनीय छ तर पनि विद्युतसम्बन्धी स्पष्ट तथा सुदृढ कानुनको अभाव, सङ्घीय संरचनाअनुसार प्रभावकारी विकेन्द्रीकरण हुन नसक्नु, गुणस्तरीय, नियमित र सर्वसुलभ विद्युत् सेवा सबै नागरिकसम्म पुग्न नसक्नुजस्ता चुनौतीहरू अझै विद्यमान छन् । जलस्रोतमा सम्पन्न राष्ट्र भएर पनि जलविद्युत्मा आत्मनिर्भर हुन नसक्नु हाम्रो प्रमुख कमजोरीका रूपमा रहेको छ ।

नेपाल सरकारले २०६० सालदेखि प्रारम्भ गरेको सामुदायिक विद्युतीकरण कार्यक्रम समुदायको आर्थिक सहभागिता तथा प्रत्यक्ष संलग्नतामा आधारित एक सफल नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ । नेपाल विद्युत् प्राधिकरणअन्तर्गत सामुदायिक ग्रामीण विद्युतीकरण विभागमार्फत कार्यान्वयन र समुदायबाट व्यवस्थापन भइरहेको यो कार्यक्रम हालसम्म ५५ जिल्लामा ३०२ वटा संस्थामार्फत करिब छ लाख घरधुरीमा विद्युत् सेवा विस्तार गरिएको छ । संरचना निर्माणमा समुदायको प्रत्यक्ष संलग्नतासहित दुई अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ । यसरी समुदायको स्वामित्व र सहभागितामा सञ्चालन भएको यो कार्यक्रम नेपालकै एक उत्कृष्ट तथा अनुकरणीय नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ ।

सामुदायिक विद्युतीकरण कार्यक्रमले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा विद्युत् पहुँच विस्तार मात्र होइन, स्थानीय आर्थिक तथा सामाजिक विकासमा समेत महत्वपूर्ण योगदान पुर्‍याएको छ । कार्यक्रममार्फत तीन हजारभन्दा बढी प्रत्यक्ष तथा तीन हजार ५०० भन्दा बढी अप्रत्यक्ष रोजगारी स्थानीयस्तरमै सिर्जना भई व्यवस्थापन गरिएको छ । साथै, स्थानीय सहभागितामार्फत विद्युत् चुहावट नियन्त्रण, सेवा गुणस्तर सुधार तथा सरल, सहज र प्रभावकारी घरदैलो सेवा प्रवाह सुनिश्चित गरिएको छ । उज्यालो नेपाल अभियानमा समेत यस कार्यक्रमको विशेष योगदान उल्लेखनीय रहेको छ ।

यसै सन्दर्भमा, देशभर सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन गरिरहेका सामुदायिक संस्थाहरूको छाता संस्थाको रूपमा सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल क्रियाशील रहेको छ । महासङ्घले सामुदायिक संस्थाहरू, नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण तथा राष्ट्रिय/अन्तर र्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थाहरूबीच समन्वयकारी भूमिका निर्वाह गर्दै सहकार्य, सहजीकरण तथा अनुभव आदान-प्रदानको प्रभावकारी पुलको रूपमा काम गर्दै आएको छ । यस संस्थामार्फत सामुदायिक विद्युतीकरण कार्यक्रमलाई थप व्यवस्थित, दिगो र प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण योगदान पुगिरहेको छ । तथापि, यस कार्यक्रमले नीतिगत, कानुनी तथा व्यावहारिक तहमा विभिन्न चुनौतीहरू भोग्दै आएको अवस्था विद्यमान छ । यस सन्दर्भमा, सामुदायिक विद्युतीकरण कार्यक्रमको दिगो विकास तथा प्रभावकारी सञ्चालनका लागि निम्न विषयहरूमा नीतिगत तथा बजेटीय व्यवस्थापन आवश्यक रहेको छः नीतिगत तथा कानुनी स्पष्टताः सामुदायिक विद्युतीकरण कार्यक्रमलाई स्पष्ट कानुनी आधार प्रदान गर्दै विकेन्द्रित प्रणालीमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने व्यवस्था गर्न आवश्यक रहेको छ । जसका लागि



विद्युत् ऐन पटक-पटक संसद्मा प्रवेश गरेता पनि हाल विचाराधीन रहेको छ ।

विनियमावली संशोधनः हाल सञ्चालनमा रहेका सामुदायिक विद्युतीकरणसम्बन्धी विनियमहरूलाई समयानुकूल परिमार्जन गरी सरोकारवालाहरू तथा विद्युत् महासङ्घको सहभागितामा आवश्यक संशोधन गर्नुपर्नेछ । नेपाल विद्युत प्राधिकरणमा सामुदायिक विद्युत विनियमावली संसोधन गर्न कार्यदलको गठन भएता पनि कार्य अधि बढ्न सकेको छैन ।

विद्युत् महसुल संरचनाः व्यावहारिक, पारदर्शी र न्यायोचित महसुल प्रणाली निर्माण गरी समुदायका उपभोक्ताहरूलाई सहज सेवा सुनिश्चित गर्नुपर्छ र सामुदायिक संस्था पनि दिगो रूपमा सञ्चालन हुनसक्ने प्रकारको महशुल संरचना आवश्यक छ । पटक-पटक विज्ञ प्रतिवेदन, सामुदायिक संस्थाको माग, अन्तरक्रिया छलफल भएता पनि महशुलमा पुनरावलोकन हुन सकेको छैन । विद्युत् विक्री दर भन्दा खरिद दर महंगो हुँदा कृषि तथा खानेपानीमा समस्या छ, साथै सेवा शुल्क अन्यायपूर्ण छ ।

बजेट तथा लगानी सुनिश्चितताः कार्यक्रमलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन पर्याप्त बजेट व्यवस्था गरी प्रणाली सुदृढीकरण तथा ऊर्जा उपयोगलाई प्रोत्साहन गर्न आवश्यक छ । सामुदायिक संस्थाहरूले प्रणाली सुदृढीकरण गर्न १० प्रतिशत सहभागिता रकमसहित प्रस्ताव पेश गरेका छन् । नेपाल सरकारबाट विनियोजित वजेटको अभावमा काम हुनसकेको छैन, जसबाट समुदायमा गुणस्तरीय विद्युत् प्रवाह गर्न समस्या परेको छ ।

निर्माण तथा व्यवस्थापन प्रणालीः साना-ठूला निर्माण कार्यहरूमा स्थानीय उपभोक्ताको सहभागिता बढाई छिटो, गुणस्तरीय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनु आवश्यक छ । विद्यमान सार्वजनिक खरिद ऐनले दिएको सीमाभित्र उपभोक्ताहरूलाई निर्माण कार्यमा सहभागी बनाउनु आवश्यक छ । यस सम्बन्धमा ट्रान्सफर्मर अपग्रेड लगाएतका साना कामहरूमा निर्माण व्यवसायीको प्राथमिकता नरहने, पटक पटक बोलपत्र आह्वान गर्दा समेत निर्माण व्यवसायी तयार नहुने गर्दा स-साना कामहरू उपभोक्ता समितिमा रहेको जनशक्तिको मूल्याङ्कनको आधारमा तय गरी गुणस्तर नियन्त्रणको काम प्राधिकरणबाट हुने गरी गरिनु अपरिहार्य छ ।

सामुदायिक लगानीको मान्यताः समुदायले विद्युत् संरचना निर्माणमा गरेको लगानीलाई हालसम्म प्राधिकरणमा पूँजीकरण गरिएको भएतापनि समुदायको स्वामित्वको स्पष्ट मान्यता नपाएको अवस्थामा उक्त लगानीलाई औपचारिक रूपमा मान्यता दिई संस्थागत स्वामित्व सुनिश्चित गर्ने नीति आवश्यक छ । समुदायले विद्युत् सहकारी संस्थामा शेयरको रुपमा लगानी गरेको, लगानी गरेको रकम प्राधिकरणमार्फत विद्युत संरचनामा खर्च भई प्राधिकरणले पुँजीकरण गरेको अवस्थामा समुदायले सहकारीमा जम्मा गरेको रकमले थप विवाद सिर्जना गरेकोले समुदायबाट लगानी गरेको रकमलाई प्राधिकरणले उत्पादन कम्पनीहरूमा शेयरको रुपमा राखी समुदायको लगानीको सुनिश्चितता गरिनु आवश्यक छ ।

नेपाल सरकारले अघि सारेको सुशासनको मार्गचित्रलाई व्यवहारमा उतार्दै सामुदायिक विद्युतीकरण क्षेत्रमा देखिएका समस्याहरूको समाधान तथा यसको प्रभावकारिता वृद्धि गर्न नीतिगत, कानुनी तथा बजेटीय तहबाट आवश्यक पहल गर्नु पर्ने हुन्छ । यसबाट ग्रामीण तथा दुर्गम क्षेत्रका करिब १५ प्रतिशत नागरिकले गुणस्तरीय, भरपर्दो र सुलभ विद्युत् सेवा प्राप्त गर्नेछन् । यस नवीन राजनीतिक परिवेशमा, जनताको नयाँ जनादेशसहित सरकार निर्माण भइरहेको सन्दर्भमा विगतका सकारात्मक पहलहरूलाई निरन्तरता दिँदै कमजोरीहरू सुधार गरी स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न आवश्यक छ ।

वर्तमान सरकारबाट देशमा सुशासन, दिगो विकास र स्थायी शान्ति स्थापना गर्दै आम नेपालीले प्रत्यक्ष महसुश गर्ने गरी प्रभावकारी सरकारी सेवा प्रवाह हुन सकोस् भन्ने अपेक्षा गरेका छन् । आयातित विद्युतबाट लोडसेडिङको अन्त्य गरिएको, सामुदायिक संस्थाहरूको काम चलाउ विद्युतिकरण संरचनाको भरमा विद्युत् पहुँच ९८ प्रतिशत पुऱ्याइएको, आधारहिन आधारमा विद्युत् महशुल छुट गरी विद्युत्को उपभोगलाई पहुँचयोग्य बनाइएको भनिएको भए पनि प्रयाप्त उत्पादन, भरपर्दो प्रसारण लाइन र विद्युतीकरण, सबैका लागि वास्तविक पहुँच र वैज्ञानिक शुल्क निर्धारण आज पनि चुनौतीको विषय हुन् । यी चुनौतीहरूको समाधानतर्फ पनि वर्तमान सरकारबाट ठोस पहल हुने अपेक्षा गरिएको छ ।

नेपालमा सशस्त्र द्वन्द्व भई विकास निर्माण तथा कर्मचारीहरू ग्रामीण क्षेत्रमा गई सेवा दिन र विद्युत् विस्तार गर्न नसकेको अवस्थामा सामुदायिक संस्थामार्फत सामुदायिक विद्युतीकरण गरी पूर्ण विद्युतीकरण गर्न सहयोगी भूमिका खेलेका सामुदायिक संस्थाहरूलाई अबमूल्यन होइन, राज्यबाट उचित मूल्याङ्कन गरी यस कार्यक्रमको प्रभावकारिताको लागि आवश्यक नीति तर्जुमा गर्नुपर्छ । माथि उल्लेखित विषयवस्तुहरूलाई समेटी सामुदायिक विद्युतीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन र नीतिगत सुधारका लागि विशेष आग्रहका साथ महासङ्घको तर्फबाट प्रधानमन्त्री बालेन्द्र शाह र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई मागपत्र पनि बुझाइएको छ । सरकारका सुशासनका १०० मार्गचित्र अभियानको प्रशंसा गर्दै राज्यलाई थप जनमैत्री बनाउने विश्वास व्यक्त गरेको छ ।

(लेखक सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल अध्यक्ष हुनुहुन्छ ।)

# शून्य प्रतिनिधित्वपछि मधेशको अबको बाटो



● अनिल महासेठ

प्रतिनिधि सभा निर्वाचन ०८२ मा मधेश केन्द्रित दलहरूको प्रतिनिधित्व शून्यमा झरेपछि मधेशको राजनीतिले अनेक प्रश्नको सामना गर्नु परिरहेको छ । मधेशको राजनीतिमा नेता र नारा परिवर्तनको बहस सधैँ महत्वपूर्ण रहँदै आएको छ । समयक्रममा नेता परिवर्तन स्वाभाविक हो । समाजले आफ्ना प्रश्नहरूको जवाफ खोज्दै नयाँ नेतृत्व तय गर्छ ।

तर नारा परिवर्तन भने विचारधारा, उपलब्धि र असफलताको समीक्षापछि मात्र प्रभावकारी हुन्छ । अहिले मधेसी दलहरूको प्रतिनिधित्व शून्यमा झरेको हालको निर्वाचन परिणामले यो प्रश्नलाई अझ तीव्र बनाएको छ । के मधेसले आफ्ना ऐतिहासिक मागहरू पूरा गरिसकेको छ ? के पुराना नाराहरू- आत्मसम्मान, समान प्रतिनिधित्व, अधिकार सम्पन्न संघीयताको सान्दर्भिकता सकिएको हो ? वा नयाँ नारा तय गर्नुपर्ने बेला आएको हो ?

केही महत्वपूर्ण प्रश्नहरूलाई आधार बनाएर मधेशको वर्तमान अवस्था, उपलब्धि, असफलता र भविष्यको दिशा विश्लेषण गर्न सकिन्छ । हाल मधेशको राजनीतिमा अझै अनुत्तरित ६ प्रश्न छन् । यी महत्वपूर्ण अनुत्तरित प्रश्नबारे आलेखमा चर्चा गरिनेछ ।

**१. आत्मसम्मानको मागः बालेन पाएपछि सकियो ?**

मधेश आन्दोलनको मूल मर्म नै पहाडिया खस अहङ्कार एकल नश्लीय बर्चस्वबाट मुक्ति र आत्मसम्मान थियो । तर ०७२ को संविधानपछि पनि मधेशी पहिचान बोकेको कुनै नेता प्रधानमन्त्री बनेनन् । केही मधेशी नेताहरू उपप्रधानमन्त्री, मन्त्री बने तर 'मधेशी प्रधानमन्त्री' को प्रतीकात्मक माग अझै अधुरै थियो । हालको निर्वाचनमा मधेशी दल शून्य भए पनि राष्ट्रिय दलहरूबाट मधेशी सांसदहरू चुनिएका छन् ।

तर तिनीहरूको भूमिका व्यक्तिगत भन्दा दलगत रहन्छ । इतिहासमै पहिलो पटक मधेशी समुदायका नागरिक प्रधानमन्त्री बनेका छन् । यसले प्रतीकात्मक दृष्टिले मधेसी समुदायको एउटा मनसाय पुरा भएको छ तर केवल यसले आत्मसम्मान बढेको भन्ने होइन ।

आत्मसम्मान केवल प्रधानमन्त्रीको कुर्सीमा सीमित छैन, यो दैनिक जीवन व्यवहार, भाषा, संस्कृति र अवसरमा झल्किन्छ । त्यसैले यो माग प्रतीकात्मक मात्र होइन, संरचनागत बनाइनु पर्छ ।

**२. समान प्रतिनिधित्वः जनसंख्याको आधारमा पूरा भयो ?**

संविधानले समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ । तर सङ्घीय संसद्, प्रदेश सभा, निजामती, सेना, प्रहरी र न्यायालयमा मधेशी जनसंख्याको अनुपात अनुसार प्रतिनिधित्व अझै अपुग छ । ०७८ को जनगणनाअनुसार तराई-मधेशमा बस्ने जनसंख्या ५० प्रतिशत बढी र मधेशीको (मधेशी दलित र आदिवासी बाहेक) ३१ प्रतिशत छ, तर उच्च पदहरूमा मधेशीको उपस्थिति न्यून छ ।

निर्वाचन आयोगको तथ्यांकअनुसार हालैका स्थानीय र प्रदेश निर्वाचनमा समानुपातिक कोटा कार्यान्वयनमा ढिलासुस्ती देखिन्छ । यो माग पूरा भएको होइन, तर आरक्षणले केही प्रगति गरेको छ । अबको आवश्यकता भनेको मेरिटसँगै समावेशिताको सन्तुलन हो, जसले मधेसी युवालाई क्षमता विकासमा जोड दिन्छ ।

**३. अधिकार सम्पन्न संघीयताः ग्यारेन्टी भयो ?**

०७२ को संविधानले सङ्घीयता ल्यायो, तर प्रदेशहरूलाई पर्याप्त अधिकार दिइएन । मधेश प्रदेशले आफ्नो बजेट, कानुन निर्माण र कर्मचारी व्यवस्थापनमा केन्द्रीय हस्तक्षेप झेलिरहेको छ । २२ बुँदे र ८ बुँदे सम्झौतामा उल्लेखित ' प्रदेशलाई स्वायत्तता दिने' भन्ने धारा अझै कार्यान्वयनमा छैन । सिमाङ्कन सच्याइएको छैन ।

राजश्व बाँडफाँड, प्रहरी तथा प्रशासनिक अधिकार केन्द्रमा केन्द्रित छन् । निर्वाचनमा मधेसी दल शून्य हुँदा सङ्घीयताको मर्मलाई कमजोर बनाएको छ । यो माग पूरा भएको होइन । अबको सङ्घीयता कागजी मात्र होइन, व्यवहारिक र आर्थिक बनाउनुपर्छ ।

**४. नागरिकता विहीनको अवस्था अन्त्य भयो ?**

०७२ पछि नागरिकता विधेयकमा संशोधन भयो । तर ०८० को नागरिकता ऐनले पनि केही समस्या समाधान गर्न सकेन । विशेष गरी मधेसी महिलाको वैवाहिक नागरिकता, भारतीय सीमा क्षेत्रका नागरिक र जन्मसिद्ध नागरिकताका मुद्दा अझै अदालतमा छन् । कतिपय मधेशी परिवारले अनागरिकको पीडा भोगिरहेका छन् । यो मुद्दा कानुनी मात्र होइन, मानवीय हो । शून्य प्रतिनिधित्वले यो मुद्दालाई थप कमजोर बनाएको छ ।

**५. ऐतिहासिक आन्दोलनका मुद्दा के भए ?**

बेदानन्द झाले ००७ सालदेखि तराईको हकअधिकार उठाए । गजेन्द्रनारायण सिंहले सद्भावना परिषद् मार्फत भाषा, संस्कृति र प्रतिनिधित्वको माग गरे । ०६४ को पहिलो र दोस्रो मधेश आन्दोलनले सङ्घीयता, ०७२ को तेस्रो आन्दोलनले संविधान संशोधन र समावेशिताको आधार तय गरे, यद्यपि संशोधन हुन् सकेन ।

भएको उपलब्धि पनि कार्यान्वयनमा ठूलो खाडल छ । भाषा नीति, सीमा सुरक्षा, शिक्षा र स्वास्थ्यमा मधेसी समुदायको पहुँच अझै अपुग छ । आन्दोलनले सवाल स्थापित गऱ्यो तर समाधान पूरा दिएको छैन ।

**६. सम्झौताहरू पूरा भए ?**

०६४ को ८ बुँदे र ०६५ को २२ बुँदे सम्झौतामा सङ्घीयता, समानुपातिक प्रतिनिधित्व, नागरिकता, सीमा सुरक्षा र आर्थिक विकास उल्लेख छन् । यीमध्ये सङ्घीयता र केही समावेशीता विकृत ढङ्गले लागू भए पनि बाँकी ८० प्रतिशतभन्दा बढी कार्यान्वयन हुन सकेनन् । हालको शून्य प्रतिनिधित्वले यी सम्झौतालाई थप कमजोर बनाएको छ ।

यी ६ वटा प्रश्नको जवाफ स्पष्ट छ- मधेशका मूल मागहरू आंशिक रूपमा पूरा भएका छन्, तर पूर्ण रूपमा पुरा हुन बाँकी नै छ । पुराना नाराले जनतालाई उत्साहित पार्न सकेन । निर्वाचन परिणामले देखाएअनुसार जनताले क्लिसे नारा भन्दा आफ्नो जीवन व्यवहारमा परिवर्तन चाहेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले विकास, रोजगारी र सुशासनको वाचासँगै सङ्घीयता कायम हुने, अधिकार माग्न काठमाण्डु जान नपर्ने जस्ता सरल र बुझिने एजेन्डा अगाडि सारेर मधेशी मत कब्जा गरे । मधेशी दलहरू आन्तरिक कलह, प्रादेशिक सरकार केन्द्रित भ्रष्टाचारको आरोप र काठमाण्डु केन्द्रित राजनीतिले जनताबाट टाढिए ।

**मधेशको नारा के हुनुपर्छ ?**

पुराना नाराहरू जस्तै आत्मसम्मान र सङ्घीयता, समावेशीले ऐतिहासिक योगदान त दियो तर अब तिनले पर्याप्त बहस सृजना गर्न सक्दैनन् । मधेश प्रदेशमा सडक, सिचाइँ, विद्युत्, शिक्षा र स्वास्थ्यको अभाव छ भन्ने जनताले देखेकै छन् । बेरोजगारीले युवा विदेश पलायन भइरहेका छन् । प्रदेश सरकारको प्रफरमेन्स राम्रो छैन । यसैले नयाँ नारा हुनुपर्छ । 'समृद्ध मधेश, सक्षम संघीयताः विकास, सुशासन र आत्मनिर्भरता' भन्ने नारा हुन सक्छ ।

नयाँ पुस्ताको नेतृत्वः मधेशलाई टेक्निकल होइन आफ्नै पहिचानसहितको बालेन चाहिन्छ । जसले सडक, पानी, बिजुली र रोजगारीको मुद्दा उठाउँछ, न कि पहिचान मात्रको । युवा, शिक्षित र प्राविधिक पृष्ठभूमिका नेतृत्वलाई प्रोत्साहन दिनुपर्छ ।

प्रदेश केन्द्रित राजनीतिः सङ्घीय संसद्मा शून्य भए पनि मधेस प्रदेश सभालाई बलियो बनाउने । प्रदेश सरकारलाई प्रभावकारी बनाएर मोडेल प्रस्तुत गर्ने गरी योजना बनाउनु पर्छ ।

जनतासंग प्रत्यक्ष संवादः सोसल मिडिया, गाउँ-गाउँका भेला र विकास कार्यबाट जनतासँग जोडिने योजना निर्माण गर्ने साथै मधेस केन्द्रित सबै दलको अग्रज नेतृत्व सम्मिलित अधिकारसहितको अभिभावकीय भूमिका दिने तथा नयाँ पुस्तालाई कार्यकारीका रूपमा अगाडि सार्ने दुनियाँको सबभन्दा ठुलो राजनीतिक दल भाजपाको सांगठानिक मोडेल अपनाउने रणनीति आवश्यक छ ।

मधेशको राजनीति अब परिवर्तनको मोडमा छ । पुराना नारा र नेतृत्वले जति योगदान दिए पनि अब जनताले परिणाम खोजेका छन् । शून्य प्रतिनिधित्व दुःखद हो, तर यो अवसर पनि हो । यदि मधेशी समाजले समृद्ध मधेश, सक्षम सङ्घीयतालाई नयाँ नारा बनाउँछ भने नेतृत्व स्वतः उदय हुनेछ । समाजले आफैँ नेता तय गर्छ, तर नारा तय गर्नु समाजकै जिम्मेवारी हो ।

मधेशले अब माग्ने होइन, बनाउने बाटो रोज्नुपर्छ । काठमाण्डुको पर्खाइमा नबसी जनकपुरधाम, वीरगञ्ज र राजविराजबाटै समृद्धि शुरु गर्नुपर्छ । यो नाराले मात्र मधेशलाई राष्ट्रिय मूलधारमा जोड्न सक्छ र साँच्चै समृद्ध बनाउन सक्छ । शून्य प्रतिनिधित्वले हामीलाई पुनरावलोकनको अवसर दिएको छ; त्यसलाई सदुपयोग गर्ने जिम्मेवारी हाम्रो हो । रातोपाटीडटकमबाट साभार ।

(लेखक गजेन्द्रनारायण सिंह अध्ययन केन्द्रका संयोजक हुन् ।)

## लुम्बिनी प्रदेशसभा बैठकः
# प्रदेश जीवनाशक विषादी व्यवस्थापन कानून निर्माण



लुम्बिनी । लुम्बिनी प्रदेशमा जीवनाशक विषादी व्यवस्थापन तथा नियमनको कानुनी व्यवस्था भएको छ । प्रदेशसभाको आज बसेको बैठकले प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेपछि त्यस्तो कानुनी बाटो निर्माण भएका हो ।

प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत आज बसेको १५ औँ बैठकले उक्त विधेयक प्रतिवेदन सहितको सर्वसम्मत पारित गरेको हो । बैठकमा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले विधेयकमाथि छलफल तथा पारित गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभएको थियो ।

सभामुख तुलाराम घर्तीमगरले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दै सर्वसम्मत पारित भएको घोषणा गर्नुभयो । आजको बैठकमा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पन्थी र आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रदेशसभा बैठकमा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

बैठकमा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढाले जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदन सभामा पेस गर्नुभयो । त्यस्तै, सार्वजनिक लेखा समितिका सभापति माया पुनले समितिको वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो ।

बैठकमा प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले जनता महँगीका कारण जनता मारमा परेको बताउनुभयो । प्रदेशसभा सदस्य यमबहादुर सार्कीले लामो प्रयासपछि दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक तयार भएको उल्लेख गर्दै यसलाई ऐतिहासिक उपलब्धि भएको बताउनुभयो । प्रदेशसभा सदस्य सुशीला वादीले उक्त विधेयक प्रमाणीकरणपछि प्रभावकारी कार्यान्वयनका लागि सरकारले भूमिका बढाउनुपर्ने धारणा राख्नुभयो ।

प्रदेशसभा सदस्य खड्ग बस्नेतले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्न सरकारलाई आग्रह गर्नुभयो । अर्का प्रदेशसभा सदस्य दुर्गाप्रसाद चौधरीले बजेट तर्जुमा र कार्यान्वयनमा समस्या रहेको औँल्याउनुभयो ।

प्रदेशसभा सदस्य अर्जुनकुमार केसीले सीमा क्षेत्रमा राजस्व कडाइ गर्ने सङ्घीय सरकारको नीति अवैज्ञानिक रहेको टिप्पणी गर्नुभयो । प्रदेशसभा सदस्य मिनाकुमारी श्रेष्ठले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले सबै क्षेत्र प्रभावित भएको भन्दै तत्काल फिर्ता लिन माग गर्नुभयो । यस्तै बैठकमा प्रदेशसभा सदस्य यमुना रोका तामाङले अदूरदर्शी नीतिका कारण जनजीवन प्रभावित भएको बताउँदै भान्सा, खेतीपाती र दैनिक जीवनमा समस्या बढेको उल्लेख गर्नुभयो ।

प्रदेशसभा सदस्य जमुना ढकालले किशोरीहरूको सुरक्षा चुनौतीपूर्ण बन्दै गएको भन्दै राज्यले सुरक्षा प्रत्याभूति दिनुपर्ने माग गर्नुभयो । रासस

# यस पटकको निर्वाचनप्रति कसैको ‘सिकायत’ रहेन : कार्यवाहक प्रमुख निर्वाचन आयुक्त



“प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी दतदिखि मतगणनासम्मका सबै कार्यक्रम शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भयो । पुनः मतगणना, बदर र पुनः निर्वाचनको “सिकायत” कहीँकतै भएन ।”

काठमाण्डु । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले गत फागुन २१ गते सम्पन्न निर्वाचनका विषयमा राजनीतिक दल र उम्मेदवारबाट अहिलेसम्म कुनै पनि गुनासो नआएको बताउनुभएको छ । राष्ट्रिय समाचार समिति (रासस) द्वारा तयार पारिएको प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्बन्धी सम्प्रेषित समाचार सामग्रीसहितको प्रतिवेदन आज ग्रहण गर्दै उहाँले निर्वाचन सम्पन्न गर्न तदारुकता र इच्छाशक्तिसँगै समय र मौसमलगायत परिस्थितिले पनि साथ दिएको स्पष्ट पार्नुभयो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भन्नुभयो, “प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी दतदिखि मतगणनासम्मका सबै कार्यक्रम शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भयो । पुनः मतगणना, बदर र पुनः निर्वाचनको ‘सिकायत’ कहीँकतै भएन ।”

निर्वाचनका सन्दर्भमा आयोग र राससबीच अत्यन्त नजिक रहेर सहकार्य भएको प्रसङ्ग उल्लेख गर्दै कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले भन्नुभयो, “नेपालको भरपर्दो समाचार सम्प्रेषण गर्ने व्यावसायिक संस्थाका रूपमा रासस रहेको छ ।” राससले निर्वाचनको माहोल सिर्जना गर्न अहम् भूमिका निर्वाह गरेको उल्लेख गर्दै उहाँले राससबाट निर्वाचनका सन्दर्भमा भएको कार्यसम्पादनप्रति आयोग सन्तुष्ट रहेको बताउनुभयो ।

शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्नका लागि सञ्चारमाध्यमको पनि अहम भूमिका हुने भन्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भन्नुभयो, “पहिलेका निर्वाचन पनि हामीले देखे भोगेकै हौं, चुनाव भन्यो कि शान्ति सुरक्षाको कुरा आइने हाल्छ, तर यसपटक सबैतिरबाट यस्तो वातावरण बन्न सक्यो कि चुनावका लागि बन्दुक त के लौरो उठाउनुपर्ने अवस्था पनि आएन । यसका लागि निर्वाचन आयोग सबैप्रति कृतज्ञ छ ।”

राससका अध्यक्ष उदयबहादुर राना मगरले निर्वाचनका सम्बन्धमा निर्वाचन आयोग र राससबीच भएको सम्झौता र समन्वय बमोजिम नै कार्यजिम्मेवारी पूरा गरिएको जानकारी गराउँदै समाचारका माध्यमबाट निर्वाचनको वातावरण तयार पार्ने काममा राससले सकारात्मक भूमिका निर्वाह गरेको बताउनुभयो ।

महाप्रबन्धक सन्दीप राईले राज्यले तोकिएकै समयमा निर्वाचन सम्पन्न गर्ने कामलाई प्रमुख प्राथमिकता दिएकाले सोही गतिका साथ राससले पनि कार्यसम्पादन गरेको चर्चा गर्नुभयो ।

सो अवसरमा निर्वाचन आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुन शम्शेर जबरा, आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराई, राससका प्रबन्ध सम्पादक उत्तम सिल्वाल, निर्वाचन डेस्क प्रमुख तथा प्रमुख समाचारदाता एकराज पाठक, आलेख समाचार प्रमुख कृष्ण अधिकारी, प्रधानसम्पादक एवं प्रशासन प्रमुख शीतलप्रसाद महतो, लेखा प्रमुख रुद्रमणि अधिकारी, खोजी समाचार प्रमुख नारायणप्रसाद न्यौपानेलगायत उपस्थित हुनुहुन्थ्यो । रासस

## ‘वामपन्थी शक्तिबीच एकता आवश्यक छ’



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले समाजमा भइरहेका सबैखाले विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्न वामपन्थी शक्तिबीच एकता आवश्यक भएको बताउनुभएको छ ।

नेपाली कम्युनिष्ट पार्टीको ७७औँ स्थापना दिवसका अवसरमा आज शुभकामना सन्देश जारी गर्दै उहाँले कम्युनिष्ट आन्दोलनले मात्र उपेक्षित र उत्पीडित समुदायको अधिकार र राष्ट्रिय स्वाधीनताको संरक्षण गर्न सक्ने बताउनुभएको छ ।

“नेपाली कम्युनिष्टहरूको काँधमा विगतका बलिदानीपूर्ण सङ्घर्षका उपलब्धि रक्षा गर्दै आम गरिब किसान तथा श्रमजीवी जनताको पक्षमा क्रान्ति अगाडि बढाउने जिम्मेवारी अझ बढेको छ”, उहाँले सन्देशमा भन्नुभएको छ ।

संयोजक दाहालले जनताको सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षा र विकास गर्न, शान्ति सम्झौता र लोकतान्त्रिक गणतन्त्रका पक्षधर सम्पूर्ण शक्तिबीच मोर्चाबन्दी अपरिहार्य रहेकामा जोड दिनुभएको छ । रासस

## नेकपाको स्थापना दिवसः
# जनसेवामा लाग्ने नेताहरूको प्रतिबद्धता

काठमाण्डु । नेपालमा आजैका दिन २००६ वैशाख ९ गते पुष्पलाल श्रेष्ठको अगुवाइमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अहिले विभिन्न समूह र नाममा विभाजित रहेको छ ।

नेकपाको संस्थापकमा निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ संस्थापक रहनुभएको थियो । विश्व कम्युनिष्ट आन्दोलनको घोषणापत्रलाई नेपालीमा अनुवाद गर्ने पुष्पलाल श्रेष्ठले स्थापना गरेको कम्युनिष्ट पार्टी विभिन्न नाम र समूह टुटफुट र एकताको चरणबाट अघि बढ्दै आएको छ ।

मुलुकमा कम्युनिष्ट पार्टी विभाजित हुँदा गत फागुन २१ गतेको प्रतिनिधि सभाको निर्वाचनमा ठूलो क्षति व्यहोर्नुपरेको छ । विसं २०७४ को निर्वाचनमा भण्डै दुई तिहाइ सिट नजिक रहेको कम्युनिष्ट पार्टी अहिले ३२ सिट प्राप्त गरेका छन् । एमाले प्रत्यक्षमा नौ सिटसहित २५ सिट नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले प्रत्यक्षमा आठ स्थानसहित १७ सिट प्राप्त गरेका छन् । यही पृष्ठभूमिमा आज नेकपा (एमाले) एवं नेकपालगायत पार्टीले ७७ औँ स्थापना दिवस मनाएर निर्वाचनको गम्भीर समीक्षासहित आफूहरू सच्चिएर जाने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नेकपाकै अग्रणीधारका रूपमा एमाले, नेकपा, नेकपा (माले)लगायत कम्युनिष्टका प्रमुख पार्टी मुलुकका क्रियाशील रहेका छन् । विसं २०७४ को निर्वाचनमा एमाले र तत्कालीन माओवादी केन्द्रबीच चुनावी तालमेल हुँदा भण्डै दुई तिहाइको जनमत हासिल मात्र भएन २०७५ जेठ ३ गते पार्टी एकता पनि भयो तर त्यो लामो समय टिकन सकेन ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले तत्कालीन नेकपाभित्रको विवादका बीच प्रतिनिधिसभा विघटन गरेपछि विभाजित हुन पुगेको नेकपा पछि सर्वोच्च अदालतको फैसलासँगै पूर्ववत् पार्टीमा फर्किएका थिए । एमाले र माओवादी केन्द्रले पालैपालो




नेपाली काङ्ग्रेससँग तालमेल सत्ता गठबन्धन गरेपछि कम्युनिष्टहरूबीच फाटो बढ्दै गयो । यहीबीचमा एमालेबाट विभाजित भएको माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) अहिले पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको नेकपामा एकीकृत भएको छ ।

नेकपाको ७७ औँ स्थापना दिवसका अवसरमा आज पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आयोजित कार्यक्रममा नेकपा (एमाले) का नेताहरूले निर्वाचनको पराजयलाई स्वीकार गर्दै आफूहरू जनताको बीचमा गएर थप मेहनत गर्ने बताएका छन् । सो पार्टीका उपाध्यक्षद्वय रामबहादुर थापा ‘बादल’ र विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेललगायत नेताले जनतासँग नजिक भएर पुनः राष्ट्रिय राजनीतिमा स्थापित हुने बताउनुभयो ।

उपाध्यक्ष बादलले नेपालमो समाजवादी आन्दोलनले गम्भीर धक्का खाएको विषयमा आफूहरूले समीक्षा गर्ने अहिलेको पराजयलाई विजयमा रूपान्तरण गर्न एकताबद्ध हुने नयाँ सङ्कल्प गरेर अघि बढ्ने बताउनुभयो । विसं २००६ सालमा सानो बिरुवाका रूपमा रोकिएको नेकपा आज विशाल वृक्षमा रूपान्तरित भएको र जनतामा कम्युनिष्टधारको मूल धार एमाले हुन सकेको बताउनुभयो ।

उपाध्यक्ष पौडेलले जनताको बहुदलीय जनवादले एकपटक मात्र होइन, बारम्बार जनताको विश्वास जितेर अघि बढ्नुपर्ने मर्म रहेको उल्लेख गर्दै निरन्तर जनतामा जाने र जनताबाट अनुमोदित हुनुको विकल्प नभएको बताउनुभयो ।

महासचिव पोखरेलले पार्टीको विधानमा युवा र महिलालाई नेतृत्वमा आरक्षणको पहिलो अभ्यासकर्ता आफ्नो पार्टी भए पनि त्यो वर्गको विश्वास लिन र सामाजिक सञ्जालको दुरूपयोगलाई रोक्ने सही मनसायलाई युवामाझ बुझाउन नसकिएको बताउनुभयो । “हामी यसबीचमा सत्तामुखी र केन्द्रमुखी भएछौँ भन्ने बुझ्नुपर्छ । आफूलाई सच्याउन जनतातिर फर्कनुपर्छ । हामीले गरेका राम्रा कुराहरूलाई पनि जनताका बीचमा लान नसकेको कुरा स्वीकार्नै पर्छ ।”

पार्टीका सचिव पद्मा अर्यालले स्थापना दिवसको कार्यक्रममा अध्यक्ष केपी शर्मा ओली आउने तयारी भए पनि स्वास्थ्यलाभ गरिरहनुभएका कारण आउन नसक्नुभएको जानकारी दिनुभयो ।

विसं २०४७ मा माले र नेकपा (मार्क्सवादी)बीच एकीकरण गरेर बनेको एमाले २०५४ सालमा विभाजन भएको थियो । तत्कालीन एमालेका नेता वामदेव गौतमले एमालेबाट अलग भई माले गठन गर्नुभएको थियो । पछि नेता गौतम सहितलगायत सबै ठूला नेता एमालेमा मिसिए पनि सिपी मैनाली आउनुभएन । उहाँले माले पार्टीको नेतृत्व गरिरहनुभएको छ । गौतम अहिले प्रचण्ड नेतृत्वको नेकपामा पुनुभएको छ ।

अहिले प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र) माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी), वामदेव गौतम नेतृत्वको नेकपा एकता राष्ट्रिय अभियान र रञ्जिता श्रेष्ठले नेतृत्व गरेको नागरिक उन्मुक्ति पार्टी मिलि नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बनेको छ । यति धेरै पार्टी मिलेको पार्टीले पनि निर्वाचनमा राम्रो स्थान ल्याउन सकेन ।

यस्तै नेकपा (माओवादी केन्द्र)बाट अलग भएर नेता मोहन वैद्य, डा बाबुराम भट्टराई, नेत्रविक्रम चन्द लगायतले पनि अलग पार्टी गठन गर्नुछ । यस्तै तत्कालीन माओवादी केन्द्रबाट अलग रहेका पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराई र पूर्वअर्थमन्त्री जनार्दन शर्माले प्रगतिशिल लोकतान्त्रिक पार्टी गठन गरेका छन् । उता मोहनविक्रम सिंहले नेकपा (मसाल) र राष्ट्रिय जनमोर्चा तथा नारायणमान बिजुक्छेले मजदुर किसान पार्टी गठन गरेर नेतृत्व गरिरहनुभएको छ ।

नेपालमा २०५१ सालमा पहिलो पटक कम्युनिष्ट नेता मनमोहन अधिकारी प्रधानमन्त्री बन्नुभयो । तत्कालीन एमाले संसदको ठूलो दलको हैसियतमा पार्टीका अध्यक्ष अधिकारी प्रधानमन्त्री बन्नुभएको हो । त्यसपछि एमालेबाट माधवकुमार नेपाल, झलनाथ खनाल र केपी शर्मा ओली प्रधानमन्त्री बनिसक्नुभएको छ । यस्तै नेकपा (माओवादी केन्द्र)बाट दाहाल र डा बाबुराम भट्टराई प्रधानमन्त्री बन्नुभएको छ । यस्तै कम्युनिष्ट पार्टीबाट मुलुकको राष्ट्रपति विद्यादेवी भण्डारीले बन्नुभएको छ । एमालेका पूर्वउपाध्यक्ष भण्डारी गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति बन्नुभएको हो । रासस

# विद्यार्थी सङ्गठन खारेज गर्ने निर्णयप्रति नेता खड्काको आपत्ति



काठमाण्डु । नेपाली काङ्ग्रेसका निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले विद्यार्थी सङ्गठन र स्वतन्त्र विद्यार्थी युनियन खारेज गर्ने सरकारको निर्णयप्रति आपत्ति जनाउनुभएको छ ।

उहाँले आज विज्ञप्ति जारी गरी विद्यार्थी सङ्गठन र स्वतन्त्र विद्यार्थी युनियन खारेज गर्ने सरकारको निर्णय लोकतान्त्रिक मूल्य-मान्यता विपरीत र अधिनायकवादी प्रवृत्ति रहेको बताउनुभएको छ ।

नेता खड्काले नेपालको राजनीतिक इतिहासमा विद्यार्थी आन्दोलनको महत्वपूर्ण भूमिका रहेको र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म आइपुग्दा विद्यार्थीको योगदान अविस्मरणीय रहेको उल्लेख गर्नुभयो ।

निर्दलीय पञ्चायती व्यवस्थाको समयमा राजनीतिक दलमाथि प्रतिबन्ध हुँदा विद्यार्थी सङ्गठनहरूले लोकतन्त्रको पक्षमा जनचेतना फैलाएको उहाँको भनाइ छ । नेता खड्काले विसं २०३६/०३७ सालको विद्यार्थी आन्दोलन, २०४६ को जनआन्दोलन तथा २०६२/०६३ को ऐतिहासिक आन्दोलनमा विद्यार्थीहरूको सक्रिय सहभागिताले वर्तमान राजनीतिक व्यवस्था स्थापना सम्भव भएको बताउनुभयो ।

वर्तमान सरकारले लोकतान्त्रिक स्वतन्त्रताको उपयोगबाट उदाएका युवा नेतृत्व बालेन शाहलाई स्थापित गर्ने वातावरण बनेको भए पनि सोही सरकारले विद्यार्थी संगठनमाथि प्रहार गर्नु विरोधाभाषपूर्ण रहेको नेता खड्काको भनाइ छ ।रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय निजगढ, बाराबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
**२०८३/०१/१६ गते/स्थान : शाखा कार्यालय निजगढ, बारा**

**बोलपत्र खोलिने मिति/समय**
**२०८३/०१/१७ गते, बिहीबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : निजगढ, बारा | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : बृजेश किराना स्टोर**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, गौर, रौतहट<br>दर्ता नं. १००७७/८९७, दर्ता मिति : २०७७/०८/२३, पान नं. ६१४४३६४२०, दर्ता मिति : २०७७/०८/२३<br>ठेगाना : रौतहट जिल्ला, मौलापुर वडा नं. ५, **प्रोप्राइटर : त्रिवेणी राउत माली** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : त्रिवेणी राउत माली**<br>ना.प्र.नं. ३९३८, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६१/१२/१५<br>बाबुको नाम : प्रेमलाल राउत माली<br>बाजेको नाम : इनरदेव राउत माली<br>ठेगाना : रौतहट जिल्ला, पतौरा वडा नं. ४<br>हाल : रौतहट जिल्ला, मौलापुर वडा नं. ५ | **२. नाम : गीता देवी**<br>ना.प्र.नं. ३२३०४०/१७९, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/२१<br>पतिको नाम : त्रिवेणी राउत माली<br>ससुराको नाम : प्रेमलाल राउत माली<br>ठेगाना : रौतहट जिल्ला, पतौरा वडा नं. ४<br>हाल : रौतहट जिल्ला, मौलापुर वडा नं. ५ |
| | **३. नाम : बृजेश कुमार राउत माली**<br>ना.प्र.नं. ३२-०१-७१-००८५४, जि.प्र.का. रौतहट, जारी मिति : २०७१/०२/११<br>बाबुको नाम : त्रिवेणी राउत माली, बाजेको नाम : प्रेमलाल राउत माली<br>ठेगाना : रौतहट जिल्ला, पतौरा वडा नं. ४, हाल : रौतहट जिल्ला, मौलापुर वडा नं. ५ | |
| | **धितोको विवरण** | |
| | गीता देवीको नाममा मालपोत कार्यालय मौलापुरमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, पतौरा वडा नं. ४ स्थित कित्ता नं. ३९८ र १०३० को क्षेत्रफल क्रमशः ०-४-३ र ०-०-७३/४ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : निजगढ, बारा, फोन नं. ०५३-५४०३७०
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# भ्रामक सूचना सम्प्रेषण नगर्न आग्रह

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भ्रामक सूचना सम्प्रेषण नगर्न सबैमा आग्रह गरेको छ । पछिल्लो समय विभिन्न अनलाइन मिडिया तथा सामाजिक सञ्जालमार्फत आधारहीन, मिथ्या र भ्रामक सामग्री प्रकाशन तथा प्रसारण भइरहेको भन्दै मन्त्रालयले यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

मन्त्रालयद्वारा आज जारी प्रेस विज्ञप्तिअनुसार यस्ता कपोलकल्पित सूचनाले आम नागरिकमा भ्रम सिर्जना गर्नुका साथै समाजमा गलत मनोविज्ञान फैलाउने काम गरिरहेका छन् । यसले सूचना प्रणालीप्रतिको विश्वास कमजोर बनाउने र सामाजिक सन्तुलनमा नकारात्मक असर पार्ने जोखिम रहेको मन्त्रालयले उल्लेख गरेको छ ।

भ्रामक सूचना सम्प्रेषण गर्ने कार्यलाई अत्यन्त गम्भीरतापूर्वक लिएको जनाउँदै मन्त्रालयले त्यस्ता गतिविधि नियन्त्रणका लागि कडा कदम चालिने स्पष्ट पारेको छ । मन्त्रालयले सबै सञ्चारमाध्यम, सूचना प्रदायक संस्था तथा व्यक्तिलाई आधिकारिक निकायबाट पुष्टि नभएका समाचार तथा सूचना हतुवाका आधारमा प्रकाशन वा प्रसारण नगर्न सचेत गराएको छ । मन्त्रालयले यदि आधारहीन, मिथ्या र भ्रामक समाचार प्रकाशन वा




प्रसारण भएको पाइएमा त्यस्ता सामग्री प्रकाशन गर्ने व्यक्ति वा संस्थालाई पहिचान गरी प्रचलित कानूनअनुसार कडा कारबाही गरिने चेतावनी दिएको छ ।

त्यसैगरी, मन्त्रालयले भ्रामक सूचना फैलाउन सहयोग पुग्ने कुनै पनि क्रियाकलापमा संलग्न नहुन सर्वसाधारणलाई पनि आग्रह गरेको छ । सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई कुनै पनि सामग्री आफ्नो व्यक्तिगत खातामार्फत साझा गर्नुअघि त्यसको आधिकारिकता र सत्यता अनिवार्य रूपमा जाँच गर्न अपिलसमेत गरिएको छ ।

मन्त्रालयले यस्ता भ्रामक सूचना वा समाचारबारे जानकारी भएमा वा गुनासो भएमा मन्त्रालयको आधिकारिक वेबसाइटमा रहेको ‘सामाजिक सञ्जाल गुनासो दर्ता’ पोर्टलमार्फत विवरण उपलब्ध गराउन अनुरोध गरेको छ । साथै, आवश्यक परे फोन वा इमेलमार्फत पनि सम्पर्क गर्न सकिने जनाएको छ । रासस

# युद्धविराम लम्बिँदा तनाव यथावत्



रासस/एएफपी । इरानसँगको बढ्दो तनावलाई वार्तामार्फत समाधानतर्फ लैजान अमेरिकी राष्ट्रपतिडोनाल्डट्रम्पलेयुद्धविरामको म्याद अनिश्चितकालका लागि थप गरे पनि मैदानको अवस्था भने अझै अनिश्चित र दबाबपूर्ण देखिएको छ । शान्ति प्रयासलाई समय दिन गरिएको यो निर्णयसँगै कूटनीतिक पहल र सैन्य दबाब सँगसँगै अघि बढाइएको सङ्केत देखिएको छ ।

अमेरिकी पक्षले पाकिस्तानको मध्यस्थतामा अघि बढिरहेको वार्तालाई थप अवसर दिनुपर्ने आवश्यकता औँल्याउँदै युद्धविरामको समयसीमा पछाडि सारिएको जनाएको छ । ट्रम्पले इरानको नेतृत्वलाई प्रस्ताव तयार गर्न समय दिनुपर्ने उल्लेख गर्दै दुई हप्ताको म्याद सकिन लाग्दा त्यसलाई अनिश्चितकालसम्म विस्तार गरिएको बताउनुभएको छ । यद्यपि, उहाँले इरानी बन्दरगाहहरूमाथि अमेरिकी नाकाबन्दी भने यथावत् राखिने स्पष्ट पार्नुभएको छ, जुन वार्ताको प्रमुख विवादित विषय बनेको छ ।

सामाजिक सञ्जालमार्फत सार्वजनिक धारणा राख्दै ट्रम्पले इरानले होर्मुज जल डमरूमध्य खुला राख्न खोजेको आरोप लगाउनुभयो । यस जल डमरूमध्यलाई खुला राख्दा इरानलाई दैनिक करिब ५० करोड डलर आम्दानी हुने दाबी उहाँले गर्नुभयो । विश्वको करिब पाँचौँ हिस्सा तेल तथा ग्यास आपूर्ति हुने यो जलमार्गमा अमेरिकी नियन्त्रण कायम राख्नु रणनीतिक रूपमा महत्त्वपूर्ण रहेको उहाँले जोड दिनुभयो । नाकाबन्दी हटाइएको अवस्थामा इरानसँग प्रभावकारी सम्झौता सम्भव नहुने अवस्था आउन सक्ने उहाँले सङ्केत दिनुभयो ।

यसअघि उहाँले युद्धविराम विस्तार गर्ने इच्छा नरहेको र समयसीमा सकिएपछि आक्रमण पुनः सुरु हुन सक्ने चेतावनी दिनुभएको थियो । तर पछिल्लो निर्णयमा उहाँले सेनालाई नाकाबन्दी कायम राख्न र अन्य सबै सम्भावित अवस्थाका लागि तयारी अवस्थामा रहन निर्देशन दिएको बताउनुभएको छ । इरानबाट ठोस प्रस्ताव नआएसम्म युद्धविरामलाई निरन्तरता दिने उहाँको भनाइ छ ।

युद्धविराम कहिले सकिने भन्ने विषयमा अन्योलकै बीच पाकिस्तानले मङ्गलबार २३५० जिएमटीमा यसको अन्त्य हुने सङ्केत गरेको थियो भने इरानले ०००० जिएमटीमा समाप्त हुने बताएको थियो । तर सो समयसीमा नजिकिँदा कुनै नयाँ सैन्य गतिविधि सार्वजनिक नभए पनि इरानले ट्रम्पको निर्णयबारे औपचारिक प्रतिक्रिया दिएको छैन ।

यसैबीच, पाकिस्तानको पहलमा इस्लामाबादमा आयोजना हुन लागेको शान्ति वार्ता पनि अनिश्चित बनेको छ । अमेरिकी उपराष्ट्रपति जेडी भान्सको प्रस्तावित भ्रमण अन्तिम समयमा स्थगित गरिएको पुष्टि ह्वाइट हाउसका एक अधिकारीले गरेका छन् । इस्लामाबादमा उच्च सतर्कता अपनाउँदै सरकारी क्षेत्रलाई सुरक्षाकर्मीहरूले घेराबन्दी गरेका छन्, जसले वार्ताको संवेदनशीलता झल्काउँछ ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले युद्धविराम विस्तारको स्वागत गर्दै अमेरिकी निर्णयप्रति आभार व्यक्त गर्नुभयो भने संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि यसलाई सकारात्मक कदमको रूपमा लिनुभयो । यद्यपि, इरानले भने आफ्नो भूभाग प्रयोग गरी आक्रमण भए खाडी क्षेत्रका तेल पूर्वाधारमा प्रहार गर्ने चेतावनी दिएको छ, जसले तनाव थप बढाएको छ ।

पहिलो चरणको वार्तापछि अमेरिकी पक्षले इरानी बन्दरगाहहरू अवरुद्ध गर्ने घोषणा गरेको थियो । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टका अनुसार केही दिनमै खर्ग टापुमा तेल भण्डारण भरिने र उत्पादन प्रभावित हुने अवस्था आउन सक्छ । उहाँले इरानको समुद्री व्यापार रोकिँदा यसको प्रमुख राजस्व स्रोतमा प्रत्यक्ष असर पर्ने बताउनुभयो । साथै, प्रतिबन्ध छल्न सहयोग गर्ने कुनै पनि व्यक्ति वा जहाज अमेरिकी प्रतिबन्धको दायरामा पर्ने चेतावनी पनि दिइएको छ ।

अमेरिकी रक्षा मन्त्रालयले पनि 'राज्यविहीन स्वीकृत' जहाजलाई रोकेर त्यसमा प्रवेश गरी नियन्त्रणमा लिएको जनाएको छ, जुन इरानी गतिविधिसँग सम्बन्धित रहेको बताइएको छ। दुवै पक्षले एकअर्कामाथि युद्धविराम उल्लङ्घनको आरोप लगाइरहेका छन्, जसले विश्वासको सङ्कट थप गहिरिएको देखिन्छ ।

तेहरानका सर्वसाधारणले भने युद्धविराम हुँदाहुँदै पनि जीवन सहज नभएको बताएका छन् । ३९ वर्षीय एक स्थानीय बासिन्दाले ' यो पीडादायी युद्धविरामले जीवन झन् कठिन बनाएको' भन्दै वरपर कसैले पनि सहज अवस्था भोग्न नसकेको बताएका छन् । विज्ञहरूका अनुसार इरानको सार्वजनिक मौनता वासिङ्टनमाथि दबाब सिर्जना गर्ने रणनीति हुन सक्छ ।

विश्लेषकहरूले अहिलेको अवस्था सैन्यभन्दा बढी राजनीतिक सहनशीलता र वार्तामा लाभ लिन खोज्ने प्रतिस्पर्धाको रूपमा विकसित भएको बताएका छन् । अनिश्चितताबीच पनि सम्भावित सम्झौताप्रतिको आशाले अन्तर ाष्ट्रिय बजारमा सकारात्मक सङ्केत देखिएको छ ।

यसै सन्दर्भमा मध्यपूर्वको अर्को मोर्चा पनि सक्रिय नै छ। औपचारिक कूटनीति सम्बन्ध नभएका इजरायल र लेबनानबीच बिहीबार वासिङ्टनमा नयाँ वार्ता हुने बताइएको छ । यसअघि दुवै पक्षबीच १० दिने छुट्टै युद्धविराममा सहमति भएको थियो, जसमा इरान समर्थित हिजबुल्लाह पनि समावेश छ ।

तर दक्षिणी लेबनानमा छिटपुट हिंसा जारी छ र इजरायली सेनाले दर्जनौँ गाउँका बासिन्दालाई घर नफर्कन चेतावनी दिएको छ । मङ्गलबार इजरायलले आफ्ना सेनामाथि हिजबुल्लाहले धेरै रकेट प्रहार गरेको आरोप लगाउँदै त्यसको जवाफमा प्रक्षेपणस्थलमा आक्रमण गरेको जनाएको छ ।

लेबनानको सरकारी तथ्याङ्कअनुसार युद्ध सुरु भएदेखि हालसम्म कम्तीमा दुई हजार ४५४ जनाको ज्यान गइसकेको छ । हिजबुल्लाहले पनि उत्तरी इजरायलमा गरेको आक्रमणलाई इजरायलले युद्धविराम उल्लङ्घन गरेपछि गरिएको प्रतिक्रिया भनेको छ, जुन युद्धविरामपछि पहिलो यस्तो दाबी हो ।

## आइसिसी विश्वकप लिग-२ :
# नेपाल र ओमान बीचको खेल सुरु



काठमाण्डु । नेपाल 'ए' र ओमानको राष्ट्रिय टिमबीचको दुई खेलको शृङ्खलाअन्तर्गत आजको पहिलो खेलमा नेपाल 'ए' टोलीले सुरुआती बलिङ गर्ने भएको छ ।

काठमाण्डुस्थित माथिल्लो मूलपानी क्रिकेट मैदानमा भर्खरै भएको टसमा ओमानले टस जितेर पहिला ब्याटिङ रोजेसँगै नेपालले बलिङको निम्तो पाएको हो ।

यही वैशाख १२ गतेदेखि हुने आइसिसी विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक सिरिज खेल्न आएको ओमानले नेपाल 'ए' टोलीसँग अभ्यास खेल खेल्न लागेको हो ।

त्रिकोणात्मक सिरिजमा नेपालसँगै युएई र ओमान छन् । रासस

## चन्द्रगढी महिला गोल्डकपः
# एपीएफ क्वाटरफाइनलमा



भद्रपुर । मेची रङ्गशालामा जारी प्रथम 'ओम साई पाथिभरा हस्पिटल चन्द्रगढी महिला गोल्डकप' फुटबल प्रतियोगिताअन्तर्गत बुधबार भएको खेलमा सशस्त्र प्रहरीको एपीएफ क्लब विजयी हुँदै क्वाटरफाइनलमा प्रवेश गरेको छ ।

निर्धारित समयमा ओखलढुङ्गाको पद्मा स्पोर्टिङ क्लबलाई ६-० गोलअन्तरले पराजित गर्दै एपीएफले सहज जित निकालेको हो । एपीएफको जितमा रश्मीकुमारी घिसिङले ह्याट्रिक पूरा गरिन् भने रेनुका नगरकोटी र अनिता केसीले एक-एक गोल गरिन् । खेलको २८औँ मिनेटमा कप्तान अनिता बस्नेतको पासमा घिसिङले गोल गर्दै एपीएफलाई अग्रता दिलाइन् । पहिलो हाफमा १-० को अग्रता बनाएको एपीएफले दोस्रो हाफमा आक्रामक खेल प्रस्तुत गर्दै थप पाँच गोल गरेको थियो ।

दोस्रो हाफको ४१औँ मिनेटमा घिसिङले व्यक्तिगत दोस्रो गोल गरिन् । त्यसको एक मिनेटपछि रेनुका नगरकोटीले गोल गर्दै अग्रता फराकिलो पारिन् । ५२औँ मिनेटमा घिसिङले ह्याट्रिक पूरा गरिन् भने ५४औँ मिनेटमा अनिता केसीले अर्को गोल थपिन् । ५६ औँ मिनेटमा घिसिङले व्यक्तिगत चौथो गोल गर्दै एपीएफलाई ६-० को सहज जित दिलाइन् ।

पद्मा स्पोर्टिङ क्लबले केही अवसर सिर्जना गरे पनि त्यसलाई सदुपयोग गर्न नसक्दा सान्त्वना गोलबाट समेत वञ्चित रह्यो । खेलको 'प्लेयर अफ द म्याच' रश्मीकुमारी घिसिङ घोषित भइन् । उनले रु ११ हजार पुरस्कार प्राप्त गरिन् ।

प्रतियोगिताअन्तर्गत क्वाटरफाइनलमा एपीएफले सङ्कटा फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ। बुधबार हुने क्वाटरफाइनल खेलमा नेपाल पुलिस फुटबल क्लब र भारतको रानी लक्ष्मीबाई स्पोर्टस एकेडेमीबीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको विजेताले रु ११ लाख तथा उपविजेताले रु पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् । रासस

# भारतमा माओवादी अन्त्य, खतरा अझै बाँकी



रासस/एएफपी । भारतले दशकौँ लामो माओवादी विद्रोह अन्त्य भएको घोषणा गरे पनि त्यसले छाडेको घातक विर ासत अझै ग्रामीण जीवनमा गहिरो रूपमा जिउँदै छ । जङ्गलका बाटो, खेत र नदीकिनारमा गाडिएका सयौँ बारूदी सुरुङहरूले अहिले पनि सर्वसाधारण र सुरक्षाकर्मी दुवैलाई निरन्तर जोखिममा राखेका छन् ।

मध्य भारतका विशाल वन क्षेत्रमा माओवादी लडाकूहरूले वर्षौंसम्म दबाबद्वारा सक्रिय हुने इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस (आइइडी) गाड्दै आएका थिए । यी विस्फोटकहरू प्रायः माटोका सडकमुनि वा जङ्गली बाटोमा लुकाइन्थे, जसले गर्दा तिनीहरू देख्न र पहिचान गर्न अत्यन्त कठिन हुन्थ्यो । साधारण सामग्री–जिलेटिन, बल बियरिङ र धातुका टुक्राहरू–बाट बनाइए पनि ती अत्यन्त घातक सावित भएका छन् ।

विद्रोहको उत्कर्षमा माओवादीहरूले सन् २००० को दशकको मध्यतिर देशको झण्डै एक तिहाइ भूभागमा प्रभाव जमाएका थिए । उनीहरूले आफूलाई वन क्षेत्रका आदिवासी समुदायका अधिकारका लागि लडिरहेको दाबी गर्थे । तर हालैका वर्षहरूमा भारतीय सुरक्षाबलले सञ्चालन गरेको अभियानपछि सरकार देश माओवादी प्रभावबाट मुक्त भएको घोषणा गर्न पुगेको छ ।

जमिनमुनि लुकेका विस्फोटकहरूका कारण खतरा समाप्त भएको छैन । जिल्ला रिजर्भ गार्डमा कार्यरत २३ वर्षीय किशन हाप्काले भन्नुभयो, "सैनिकलाई सबैभन्दा ठूलो डर गोली होइन, यी दबाबमा विस्फोट हुने आइइडी हुन्, किनकि कहिले पाइला पर्छ भन्ने थाहा हुँदैन ।" उहाँ आफैँ सन् २०२४ मा यस्तै एक विस्फोटमा परेर बायाँ खुट्टा गुमाउनुभएको थियो । सो घटनामा अन्य तीन सैनिकको ज्यान गएको उहाँले स्मरण गर्नुभयो । अहिले उहाँ कृत्रिम खुट्टाको सहारामा प्रशासनिक काममा सीमित हुनुहुन्छ ।

पहिले माओवादीहरूको बलियो आधारस्थल मानिने छत्तीसगढ राज्यको बस्तर क्षेत्रमा पछिल्लो २५ वर्षमा करिब ५०० सुरक्षाकर्मी यस्ता विस्फोटमा मारिएका छन् भने हजारभन्दा बढी घाइते भएका छन् । यी विस्फोटकहरू मूलतः सुरक्षाबललाई लक्षित गरेर राखिए पनि त्यसको मार स्थानीय आदिवासी समुदायले पनि उत्तिकै भोगेका छन् । तथ्याङ्कअनुसार १५० भन्दा बढी सर्वसाधारणको ज्यान गएको छ भने २५० भन्दा बढी घाइते भएका छन् ।

६५ वर्षीया तामा जोगी पनि यस्तै पीडितमध्ये एक हुनुहुन्छ । गत गर्मीमा उहाँ पशुहरू चराउन जङ्गल गएको बेला, थाहा नपाई विस्फोटकमा पाइला राख्नुभयो । विस्फोटपछि उहाँको दाहिने खुट्टा गम्भीर रूपमा क्षतिग्रस्त भयो । "मेरो कानले केही पनि सुन्न छोड्यो र म बेहोस भएँ", उहाँले सम्झिनुभयो । पछि अस्पतालमा होस आउँदा उपचार भइरहेको अवस्था देख्नुभएको उहाँले बताउनुभयो । चिकित्सकहरूले उहाँको ज्यान जोगाउन अर्को खुट्टा समेत काट्नुपरेको थियो, जसले गर्दा उहाँ पूर्ण रूपमा अशक्त बन्नुभएको छ ।

सरकारी नीतिअनुसार कर्तव्यका क्रममा घाइते भएका सुरक्षाकर्मीको मात्र उपचार खर्च व्यहोर्ने व्यवस्था छ । जोगीका परिवारले थप पीडा भोग्नुपरेको छ, किनकि उहाँका छोरालाई माओवादी सम्बन्धको आरोपमा पक्राउ गरिएको छ, जुन आरोप उहाँ अस्वीकार गर्नुहुन्छ । उहाँ अहिले पनि कारागारमै हुनुहुन्छ । "अब कसलाई दोष दिने भन्ने नै थाहा छैन", जोगीले गहिरो निराशा व्यक्त गर्नुभयो ।

राज्यका अधिकारीहरूका अनुसार यस्ता विस्फोटकहरू अझै व्यापक रूपमा फैलिएका छन् ।

# तीस करोड डलर क्रिप्टो चोरीको आशङ्का

रासस/एएफपी । विश्वव्यापी साइबर सुरक्षामाथि गम्भीर चुनौती थपिँदै गएको अवस्थामा उत्तर कोरियासँग सम्बन्धित एक कुख्यात ह्याकिङ समूहले झन्डै ३० करोड डलर बराबरको क्रिप्टोकरेन्सी चोरी गरेको आशङ्का गरिएको छ । प्रभावित पक्षका अनुसार यो घटना यस वर्षकै सबैभन्दा ठूलो ज्ञात क्रिप्टो डकैतीमध्ये एक हो, जसले डिजिटल वित्तीय प्रणालीको सुरक्षामाथि नयाँ प्रश्न खडा गरेको छ । यो घटनालाई उत्तर कोरियासँग जोडिएको पछिल्लो साइबर आक्रमणका रूपमा हेरिएको छ ।

संयुक्त राष्ट्रसङ्घको एक प्यानलका अनुसार उत्तर कोरियाले यस्ता परिष्कृत साइबर अपराधमार्फत चोरी गरिएको क्रिप्टोकरेन्सी आफ्नो आणविक हतियार कार्यक्रमलाई सघाउन प्रयोग गर्दै आएको छ ।

डिजिटल मुद्रासम्बन्धी समाचार प्लेटफर्म कोइनडेस्कका अनुसार शनिबार अनलाइन लगानी प्लेटफर्म केल्पडीएओको भल्टमा भएको चोरी सन् २०२६ को अहिलेसम्मकै सबैभन्दा ठूलो क्रिप्टो शोषण हो । मङ्गलबार सार्वजनिक गरिएको विवरणअनुसार, ह्याकका क्रममा लेयरजिरो नामक प्रविधि प्लेटफर्मले सञ्चालन गरेका दुईवटा ब्लकचेन सर्भरहरूमा अनधिकृत पहुँच स्थापित गरिएको थियो ।

केल्पडीएओका अनुसार यस पहुँचले इथेरियमसँग सम्बन्धित क्रिप्टो टोकनहरू प्रणालीबाट 'निकाल्न' सम्भव बनायो ।

# १४ महिनापछि स्वदेश फर्कियो २५०० वर्ष पुरानो अमूल्य सुनौलो हेलमेट



रासस/एपी। गत वर्ष नेदरल्यान्ड्सको एक सङ्ग्रहालयबाट चोरी भएको दुई हजार ५०० वर्ष पुरानो बहुमूल्य सुनौलो हेलमेटसहितका महत्त्वपूर्ण ऐतिहासिक वस्तुहरू अन्ततः रोमानिया फर्किएका छन् । लामो अनुसन्धान, कूटनीतिक प्रयास र कानूनी प्रक्रियापछि फिर्ता भएको यो खजाना रोमानियाका लागि केवल पुरातात्विक वस्तु मात्र नभई राष्ट्रिय पहिचान र ऐतिहासिक स्मृतिको प्रतीकका रूपमा हेरिएको छ ।

डेसिया सभ्यतासँग सम्बन्धित अलङ्कृत कोटोफेनेस्टी हेलमेट र तीन सुनौलो ब्रेसलेटहरू जनवरी २०२५ मा नेदरल्यान्ड्सस्थित ड्रेन्ट्स सङ्ग्रहालयमा भएको योजनाबद्ध छापामार चोरीमा हराएका थिए । उक्त घटनाले अन्तर्राष्ट्रिय कला क्षेत्रमा ठूलो तरङ्ग ल्याएको थियो भने रोमानियाली अधिकारीहरू गम्भीर चिन्तामा परेका थिए ।

करिब १४ महिनाको अनुसन्धानपछि, तीन जना संदिग्धसँग सम्बन्धित मुद्दा अघि बढिरहँदा अधिकांश हराएका वस्तुहरू मङ्गलबार बुखारेस्टस्थित हेनरी कोन्डा अन्तर ाष्ट्रिय विमानस्थलमा ल्याइएका छन् । त्यहाँबाट कडा सुरक्षा व्यवस्थासहित ती वस्तुहरू राष्ट्रिय इतिहास सङ्ग्रहालयमा पुर्‍याइएको थियो । अहिले ती वस्तुहरू मास्क लगाएका सशस्त्र सुरक्षाकर्मीको निगरानीमा काँचको विशेष क्याबिनेटमा राखेर सार्वजनिक अवलोकनका लागि प्रस्तुत गरिएको छ ।

सङ्ग्रहालयका अन्तरिम निर्देशक कर्नेल कन्स्टान्टिन इलीले यी वस्तुहरूलाई सामान्य पुरातात्विक सामग्री नभई 'ऐतिहासिक स्मृतिका जीवित अवशेष' का रूपमा फर्काइएको बताउनुभयो । उहाँका अनुसार, यो क्षण रोमानियाका लागि खुशीसँगै आत्ममूल्याङ्कन गर्ने अवसर पनि हो । लामो समयसम्म यी सम्पदा सधैँका लागि हराउन सक्ने चिन्ताबीच बिताएको स्मरण गर्दै उहाँले अब यसको महत्त्वपूर्ण अंश फिर्ता आएकोमा राहत महसुस गरिएको उल्लेख गर्नुभयो ।

ड्रेन्ट्स सङ्ग्रहालयका निर्देशक रोबर्ट भ्यान ल्याङ्ले पनि यस घटनालाई सबैका लागि भावनात्मक क्षण भएको बताउनुभयो । उहाँका अनुसार, नेदरल्यान्ड्समा यसको प्रभाव उल्लेखनीय भए पनि रोमानियामा यसको भावनात्मक असर अझ गहिरो थियो । दुवै देशका प्रहरी र न्यायिक निकायले समन्वयमा उत्कृष्ट काम गरेको छ ।









# कफी खेती अवलोकन गर्न कृषक महाभारतमा

धुलिखेल । काभ्रेपलाञ्चोकको डाँडापारि स्थित महाभारत गाउँपालिका-४ र ५ मा भइरहेको कफी खेतीको गण्डकी प्रदेशअन्तर्गत कास्कीको अन्नपूर्ण गाउँपालिकाका कृषकहरुले अवलोकन गरेका छन् ।

अन्नपूर्ण गाउँपालिका-१ भूगाईथरस्थित माछापुच्छ्रे उत्तम कफी उत्पादक सहकारी संस्था लिमिटेडका अगुवा कृषकको नेतृत्व गर्दै गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीको टोलीले महाभारत गाउँपालिकामा भइरहेको कफी खेतीको अवलोकन गर्नुभएको हो । कफी खेतीको अवलोकन भ्रमणमा सहभागि कास्की जिल्लाका जिल्ला कफी उत्पादक सहकारी सङ्घका अध्यक्ष आनन्द सुवेदीले महाभारत गाउँपालिकाले सुरु गरेको कफी खेती किसानको हितमा रहेकाले यसलाई मध्यनजर गर्दै सरकारले यसको अनुशरण गरेर नेपालका मध्यपहाडी क्षेत्रका जिल्लाहरुमा विस्तार गर्नुपर्ने बताउनुभयो।

सो अवसरमा कृषकहरुसँग भेटघाटपछि महाभारत गाउँपालिकाले कफी खेतीलाई धेरै महत्वका साथ अगाडि बढाएको पाएको कास्कीका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष केसीले बताउनुभयो । 'यहाँका कफी खेतीको अवस्था हेरेपछि गाउँमा बाँझो छोडिएका जमिनमा मात्रै कफी खेती गर्न सकेको खण्डमा विदेश जानु नपर्ने अवस्था बनाउन सकिने रहेछ", उहाँले भन्नुभयो, "अरुलाई गालि र आलोचना गर्नुको साटो मेहिनतमा रमाउन सकेको खण्डमा एउटा मान्छेले कतिसम्म गर्न सकिदो रहेछ भन्ने कुरा महाभारतको किसानबाट शिक्षा पाएँ ।"



महाभारत-१ का कफी उत्पादक कृषकहरुले महाभारतको कफी उत्पादनको विषयमा सञ्चारमाध्यममा धेरै आएको पाएपछि अवलोकन भ्रमण गर्न सो ठाउँलाई रोजेको बताएका छन् । महाभारत साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष हस्तबहादुर दर्लामीले महाभारत गाउँपालिकामा भइरहेको कफी खेतीको विषयमा चासोका साथ देशका विभिन्न ठाउँका कृषकले अवलोकन भ्रमण कृषकका लागि खुसीको विषय भएको बताउनुभयो । गाउँपालिकाले अगाडि सारेको 'जसले रोप्छ कफीको बोट, उसले पाउँको रु बीसको नोट' अभियान र पालिका सरकारको दृष्टिकोणअनुसार प्रदेश सरकारसँगको सहकार्यमा 'एक वडा एक उत्पादन' अन्तर्गत कफी खेती अभियानले महाभारतलाई थप उचाईमा पुऱ्याएको महसुस भएको उहाँले बताउनुभयो।

महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले किसानको आर्थिक उत्पादनको अवस्थालाई ध्यानमा राख्दै पालिकाले उत्पादनमा आम्दानीको रुपमा कफीलाई बनाउने उद्देश्यसहित पर्यटकलाई महाभारतमा कफी हेर्न आउने बनाउने लक्ष्यका साथ योजनाबद्ध रुपमा अगाडि सारेको बताउनुभयो । कफीको बजारलाई हेरेर समृद्धिमा उत्पादनलाई कसरी जोड्ने भन्ने राष्ट्रिय नीतिअनुसार नै किसानको उत्पादनलाई जोड दिएर काम अगाडि बढाइरहेको उहाँले बताउनुभयो । त्यससँगै उहाँले चिया खेती हेर्न इलाम गए जस्तै कफी खेतीको उत्पादन हेर्न महाभारत जाउँ भन्ने नारालाई स्थापित गर्ने गरी काम भइरहेको छ।

करिब ६० कृषकहरुको अवलोकन भ्रमण टोलीले महाभारत-५ को खोलाघारी, भर्लेनी, मुखियटोल, खेतडाँडा, बार्तली र वडा नं ४ को लामीडाँडा लगायतका ठाउँमा 'एक वडा एक उत्पादन' कार्यक्रम गाउँपालिकाको 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु बीसको नोट' अभियान अन्तर्गत कफी नर्सरी, इजराइली प्रविधिबाट मल्चिङ र थोपा सिँचाइ प्रविधिको कफी खेती, छहा री विधि र पोखरी सिँचाइलगायत खेतीका कार्यक्रमको अवलोकन गरेका थिए । अहिलेसम्ममा गाउँपालिकाको तीन हजार २०० भन्दा बढी रोपनी क्षेत्रफलमा व्यावसायिक कफी खेती विस्तार गरेको छ।

विसं २०७८ बाट यहाँका कफी खेती गर्ने किसान, कृषि सहकारी र समूहलाई गरी तीन लाख ३१ हजारभन्दा बढी विरुवा वितरण गरिसकेको छ। रासस

# गहुँका नल सफाइ गर्दा खेतबारीमा आगो नलगाउन पालिकाद्वारा आग्रह

टीकापुर । कैलालीका स्थानीय पालिकाहरूले खेतबारीमा आगो नलगाउन नागरिकलाई अनुरोध गरेका छन् । पालिकाहरूले किसानले गहुँ बाली भित्र्याइसकेपछि खेत सरसफाइ गर्ने जनाउँदै आगो लगाउने कार्य नगर्न सूचना गरेर अनुरोध गरेका छन् । खेतबारीमा आगो लगाउँदा माटो सुरक्षामा असर पर्ने, वातावरण प्रदूषित हुनुका साथै बस्तीमा आगलागीको जोखिम बढ्ने भएकाले आगो नलगाउन सूचना गरेका हुन् ।

सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा किसानले गहुँ भित्र्याउने काम सकिएको छ । बारीमा रहेका गहुँका नल सफाइ गर्न किसानले खेतबारीमा आगो लगाउँदा धनजनको क्षतिका घटना हुने भएकाले सचेत हुन कैलालीको जानकी गाउँपालिकाले आग्रह गरेको छ ।

गाउँपालिकाले गहुँ बाली छ । पालिकाले किसानको भुसा पशुको आहाराका लागि खरिद गर्ने भएको छ । पालिकाले तोकेको मूल्यअनुसार प्रतिट्रली भुसा रु तीन हजार ७००, प्रतिडनलप रु दुई हजार ५०० तोकेको छ । किसानको भुसा पालिकाले खरिद गर्ने, बिक्री गर्ने किसानले जोशीपुर-३ बञ्जरियामा रहेको काञ्जी हाउसमा पुर्‍याउनुपर्ने जनाएको छ ।

यसैगरी टीकापुर नगरपालिकाले पनि खेतबारी आगो नलगाउन आग्रह गरेको छ । गहुँ बारीमा लगाएको आगोले खतरा भएका यसअघिका घटनाले पनि सचेत गराएकाले आफूहरूले पछिल्ला केही वर्षयता आगो नलगाउन सचेत गराउने गरेको वन वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख निर्मला चौधरीले बताउनुभयो । "खेत सफा गर्ने भनी आगो लगाउँदा



भित्र्याउने क्रममा निस्किएको नल/भुसा खेतमा नजलाई गौशालामा रहेका गाईवस्तुको आहाराका लागि निःशुल्क उपलब्ध गराइदिन अनुरोध गरेको विपद् सम्पर्क व्यक्ति नेत्रप्रसाद जैसीले जानकारी दिनुभयो ।

टीकापुर नगरपालिका-२ मा रहेको गौशालामा जानकी गाउँपालिका र टीकापुर नगरपालिका क्षेत्रका छाडा वस्तुभाउ राख्ने गरिएको छ । गौशालामा रहेका गाईवस्तुलाई आहारा अभाव भएका बेला किसानले खेतबारीमा आगो लगाएर आहारा नष्ट गर्नुभन्दा पशुलाई उपलब्ध गराउनु असल कर्म हुने जानकी-४ का रतन धामीको भनाइ छ ।

जोशीपुर गाउँपालिकाले खेतमा आगो लगाउँदा मानव बस्ती आगलागीजन्य घटना बढेकाले आगो नलगाउन आह्वान गरेको छ । "आगो लगाउँदा सुक्ष्म जीवहरू मर्न गई माटोका उर्वराशक्ति ह्रास हुन्छ, माटोको भौतिक, जैविक र रासायनिक गुण बिग्रन्छ", गाउँपालिकाका कृषि अधिकृत सञ्जय चौधरी भन्नुहुन्छ, "वातावरण प्रदूषण हुने, पशु आहारामा कमी हुने हुँदा भुसा सङ्कलन गरी पालिकाले सञ्चालन गरेको गौशालामा बिक्री गरी सघाउन अनुरोध गरेका छौं ।"

पालिकाले गहुँको भुसाको मूल्य तोकेर बिक्री गर्ने किसानलाई पालिकामा आवेदन दिन सूचना गरेको कहिलेकाहीँ घर तथा बस्तीमा आगलागी भइदिन्छ", उहाँले भन्नुभयो, "हामीसँग एकमात्र दमकल छ, जनशक्ति पनि पर्याप्त छैन, खेतमा लगाएको आगो निभाउन दमकल पठाउनुपर्ने बाध्यता हुन्छ ।"

सुदूरपश्चिमको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले समेत माटो सुरक्षाका लागि भए पनि खेतबारीमा आगो नलगाउन आग्रह गरेको छ । बाली विकास अधिकृत गिरिशराज जोशीले आगो लगाउँदा प्रदूषण बढ्नुका साथै माटोमा भएका मित्र कीराहरू पनि मर्ने भएकाले फाइदा नहुने बताउनुभयो । "खेतबारीमा आगो लगाउनुका सट्टा जोतेर पल्टाइदिएमा गलेर मल बन्छ", उहाँ भन्नुहुन्छ, "मलको समस्या टार्नका लागि यतिबेला बाँझो जमिनमा ढैचा खेती गरेर हरियो मलका रूपमा प्रयोग गर्न सकिन्छ ।"

गत वर्षबाट किसानलाई सचेत गराएका कारण यस वर्षको अहिलेसम्म टीकापुरमा तीनवटा मात्र आगलागीका घटना भएका छन् । गत वर्ष यो सिजनमा १२ वटा आगलागीका घटना भएका थिए । टीकापुरको दमकलले यहाँका पालिका जानकी, जोशीपुर गाउँपालिका, भजनी नगरपालिका र बर्दियाको राजापुर नगरपालिकासम्म आगो निभाउन सेवा दिनुपरिरहेको छ । यस वर्ष भजनीमा दमकल ल्याएपछि केही राहत भएको छ ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा सावेक गा.वि.स. सुगा निकास वडा नं. ६ हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. ११ बस्ने बाबुजी साहको नाती रामलखन साहको छोरा देवेन्द्र प्रसाद साह समेतले सर्वे नापी हुदाँ तपसिल बमोजिमको जग्गा देवेन्द्र प्रसाद साहको नाउँमा नाप नक्सा भई दर्ता कायम रहेकोमा हाल साविक तथा नविकरणको कार्यान्वनको सन्दर्भमा उक्त साविक जग्गाको श्रेस्ता खोजतलास गर्दा फेला परेन भनी सम्बन्धित मोठ फाँटबाट भिडी आएको हुदाँ देवेन्द्र प्रसाद साहको नाममा साबिक स्रेस्ता कायमको लागी हकदाबी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/०७ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदक मध्येका देवेन्द्र प्रसाद साहको नाममा स्रेस्ता कायम गरी हाल साविक नविकरणको लागी नापी कार्यालयमा पत्राचार गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| साविक २०२६ सालको सर्वे नापी अनुसार | | | | | शहरी नापी अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्र | वडा नं. | कि. नं. | क्षे.फ | कैफियत | क्षेत्र | वडा नं./ सिट नं. | कि. नं. | क्षे.फ. | कैफियत |
| जनकपुर | १ | ३९ | ०-५-१५ | ज.धःदेवेन्द्र प्रसाद साह | जनकपुर उ.म. न.पा. | १/१६९-१३५६-०९ | १५ | ०-४-८-१ | जग्गाधनीः तेजनारायण साह, देवेन्द्र प्रसाद साह, विप्ती देवी सुडीन |
| | | | | | | १/१६९-१३५६-१० | २० | ०-१-४-३ | |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा.वडा नं.१३ मा बस्ने जनक राउतको नाती नथुनी राउतको छोरा ध्रुव राउतले मेरो बुबा नथुनी राउतको नाममा नापी भएको जि.ध. जनकपुर न.पा. वडा नं.१३ सिट नं. १२७४-२३ कि.नं.२६ क्षेत्रफल ०-१-९-३ जग्गा दर्ता गर्न छुट भएकोमा बुबा नथुनी राउतको मिति २०५७/१२/१६ मा मृत्यु भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नी जिवछी देवी कुर्मीनीको पनि मिति २०८२/०८/०३ मा मृत्यु भई निजहरुको हकभोग अपुताली खाने छोराहरु सुनिल कुमार राउत-१. बिजय कुमार राय-१ र ध्रुव राउत-१ समेत ३ जना भएकोले हामीहरुको संयुक्त नाउँमा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.१२२८६ मिति २०८२/१०/०९ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा फिल्डबुकको लागि नापी कार्यालय धनुषालाई पत्राचार हुँदा नथुनी राउत कुर्मीको नाउँमा सर्वे नापी भएको जि.ध. गा.वि.स.पिडारी वडा नं.९ख कि.नं.१४ क्षेत्रफल ०-१-३-० जग्गाको हालसाविक नक्सा भिडाउदा हाल जनकपुर न.पा. बडा नं.१३ को नक्सा सिट नं.१६९-१२७४-२३ को कि.नं.२६ को क्षेत्रफल ०-१-९-० मध्ये पुर्वतर्फबाट ०-१-३-० जग्गा भिडेको भनी लेखि औएकोले भिडे बमोजिम जग्गा दर्ता नामसारी गर्ने प्रयोजनका लागि हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/०९ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून वमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | जनकपुर न.पा. | १३/१२७४-२३ | २६ | ०-१-९-० मध्ये पुर्वतर्फबाट ०-१-३-० | जग्गाधनी महल ज.मं.गु. नथुनी राउत कुर्मी जि.ध.पं.पिडारी वार्ड नं.६ बाबु जनके राउत कुर्मी को नाउँमा सर्वे नापी भएको जि.ध. गा.वि.स.पिडारी वडा नं. ९ख कि.नं.१४ क्षेत्रफल ०-१-३-० जग्गा मध्ये भिडि नापनक्सा भएको। |

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय गोलबजार, सिरहाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८३/०१/२४ गते/स्थान : शाखा कार्यालय गोलबजार, सिरहा**

**बोलपत्र खोलिने मिति/समय** — **२०८३/०१/२८ गते, सोमबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : लामा रिकन्डिशन हाउस**<br>घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा<br>दर्ता नं. १३३९८/२०७७/०७८, दर्ता मिति : २०७७/०९/२२, पान नं. ६०७७४९६३६, दर्ता मिति : २०७७/०९/२२<br>ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २, **प्रोप्राईटर : अरुण कुमार लामा** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : अरुण कुमार लामा**<br>ना.प्र.नं. १५१०४४/२०२८७, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६८/१२/२८<br>बाबुको नाम : श्याम लाल तामाङ<br>बाजेको नाम : हर्क बहादुर तामाङ<br>ठेगाना : सिरहा जिल्ला, लालपुर गा.पा. वडा नं. ५<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २ | **२. नाम : गंगा मगर**<br>ना.प्र.नं. १५-०१-७२-०२३१०, जि.प्र.का. सिरहा<br>जारी मिति : २०७२/०४/०६<br>पतिको नाम : अरुण कुमार लामा<br>ससुराको नाम : श्याम लाल तामाङ<br>ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २ |
| | **३. नाम : श्याम लाल तामाङ**<br>ना.प्र.नं. १२५५, जि.प्र.का. सिराहा<br>जारी मिति : २०४५/०१/२६<br>बाबुको नाम : हर्क बहादुर तामाङ<br>बाजेको नाम : आईत मान तामाङ<br>ठेगाना : सिरहा जिल्ला, लालपुर गा.पा. वडा नं. ५<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २ | **४. नाम : जतन माया कुमारी**<br>ना.प्र.नं. ९८८९४१०८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०१/०५<br>पतिको नाम : श्याम लाल तामाङ<br>ससुराको नाम : हर्क बहादुर तामाङ<br>ठेगाना : धनुषा जिल्ला, उमाप्रेमपुर वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २ |
| | **धितोको विवरण** | |
| | श्याम लाल तामाङको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, लालपुर वडा नं. १ स्थित कित्ता नं. ३८७ को क्षेत्रफल ०-२-५-० (बिघा) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : गोलबजार, सिरहा, फोन नं. ०३३-५४०५२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/१० गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/११/२६ को जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| अदालत मियाँ चुरिहारको नाति, ल्याकत मिया चुरिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **अनवर हुसैन** (ना.प्र.नं. ३८६३, जारी मिति २०५३/०१/२५, जि.प्र.का. रौतहट) । | |
| **व्यक्तिगत जमानतकर्ताको विवरण** | |
| १. अदालत मियाँ चुरिहारको नाति, ल्याकत मिया चुरिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **अन्जारुल हुसेन चुडिहार** (ना.प्र.नं. २१२२, जारी मिति २०५९/११/१३, जि.प्र.का. रौतहट) । | २. अदालत मियाँ चुरिहारको नाति, ल्याकत मिया चुरिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **इन्साद हुसेन** (ना.प्र.नं. ३२-०१-७३-०९५८६, जारी मिति २०७३/११/२६, जि.प्र.का. रौतहट) । |
| ३. अदालत मिया चुरिहारको नाति, ल्याकत मिया चुडिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **म. अमजद हुसेन चुडिहार** (ना.प्र.नं. १५४, जारी मिति २०६२/०४/१०, जि.प्र.का. रौतहट) । | ४. अदालत मिया चुरिहारको नाति, ल्याकत मिया चुडिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **समसाद आलम** (ना.प्र.नं. ३२१०७३-६९८५, जारी मिति २०६८/०३/०१, जि.प्र.का. रौतहट) । |
| ५. अदालत मिया चुरिहारको बुहारी, ल्याकत मिया चुरिहारको पत्नी, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **जगीया खातुन** (ना.प्र.नं. ........, जारी मिति ........., जि.प्र.का. ........) । | ६. ल्याकत मिया चुरिहारको बुहारी, अनवर हुसैनको पत्नी, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **जैवून नेशा** (ना.प्र.नं. ३२१०७३/५६८, जारी मिति २०६८/०४/२३, जि.प्र.का. रौतहट) । |
| ७. सागर मियाको नाति, अदालत मिया चुरिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **ल्याकत मिया चुरिहार** (ना.प्र.नं. १०६० जारी मिति २०३५/०५/३०, जि.प्र.का. रौतहट) । | |
| **धितोको विवरण** | |
| १. अनवर हुसैन (ना.प्र.नं. ३८६३, जारी मिति २०५३/०१/२५, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक कर्कच गा.पा. वडा नं. ५ ख स्थित कि.नं. ११४० को क्षेत्रफल ०-१-० (बि.क.धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।<br>२. ल्याकत मिया चुरिहार (ना.प्र.नं. १०६० जारी मिति २०३५/०५/३०, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक कर्कच गा.पा. वडा नं. ५ ख स्थित कि.नं. ७६१ को क्षेत्रफल ०-१-८ (बि.क.धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०१/२४ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/२५ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

# विज्ञापन नीति बारे मुख्यमन्त्रीलाई ज्ञापन

**टुडे समाचारदाता**

जनकपुरधाम, ९ वैशाख । सरकारी विज्ञापन सरकारी सञ्चार माध्यममा मात्रै गराउने भनी नेपाल सरकारले गरेको निर्णय विरुद्ध नेपाल पत्रकार महासंघ को केन्द्रीय समितिको परिपत्रअनुसार मधेश प्रदेश समितिले मुख्यमन्त्री कृष्ण प्रसाद यादव लाई ज्ञापनपत्र बुझाएको छ ।




प्रदेश सचिव हदिश खुद्दारको नेतृत्वमा गएको महासंघको टोलीले मुख्यमन्त्री कार्यालय पुगेर सरकारी विज्ञापन नीतिविरुद्ध मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सचिवस्तरमा संघीय मन्त्रालय, आयोग, सचिवालय, प्रदेश तथा स्थानीय तहको सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यम मार्फत मात्र प्रकाशन तथा प्रसारण गर्न दिइऐ निर्देशन सहितको परिपत्रप्रति गम्भीर आपत्ति जनाएको छ ।

विज्ञापन क्षेत्रमा देखिएका बेथितिहरू नियन्त्रण गर्ने सरकारी प्रयासलाई महासंघले सकारात्मक रूपमा लिएपनि त्यसकै नाममा विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने नीति संविधान, प्रचलित कानुन, अन्तर्राष्ट्रिय मान्यता, खुला बजार अर्थतन्त्र तथा संघीयताको मर्मविपरीत रहेको ठहर गरेको छ । नेपाल सरकारको यस्तो निर्णयले प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रण गर्न खोजिएको महासंघको आरोप छ ।

ज्ञापनपत्रमा उल्लेख गरिएअनुसार उक्त नीतिले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने र स्वतन्त्र पत्रकारितामाथि दबाब सिर्जना गर्ने जोखिम बढाएको छ । महासंघका अनुसार देशभर सञ्चालनमा रहेका चार सयभन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा अनलाइन मिडियाको आर्थिक आधार यसबाट प्रभावित हुने ठहर गरिएको छ । यसले हजारौं पत्रकार, सञ्चारकर्मी तथा कर्मचारीको रोजगारी संकटमा पर्ने भनिएको छ ।

महासंघले दुर्गम क्षेत्रसम्म सूचना प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका स्थानीय सञ्चारमाध्यमहरू बन्द हुने अवस्था आए नागरिकको सूचनाको हक कुण्ठित हुने पनि औंल्याएको छ । सूचना पहुँच कमजोर हुँदा लोकतान्त्रिक अभ्याससमेत प्रभावित हुने महासंघको भनाइ छ।

महासंघले विज्ञापन वितरण प्रणालीलाई पारदर्शी, समावेशी तथा समानुपातिक बनाउन माग गरेको छ । संविधानविपरीतको निर्देशन अस्वीकार गर्न प्रदेश र स्थानीय सरकारलाई आह्वान गर्दै महासंघले आफ्ना माग पूरा नभए निरन्तर संघर्षका कार्यक्रम अघि बढाउने चेतावनी समेत ज्ञापनपत्र मार्फत दिएको छ ।

ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकार मिडियामैत्री रहेको उल्लेख गर्दै उक्त विषयलाई मन्त्रिपरिषद्स्तरमा छलफल गरी कार्यान्वयनतर्फ लैजाने आश्वासन दिएका छन् ।

# जग्गा विवादमा उच्च अदालतको नयाँ अभ्यास

**टुडे समाचारदाता**

जनकपुरधाम । बाटो जग्गा विवादमा उच्च अदालत जनकपुर इजलासले नयाँ अभ्यास शुरु गरेको छ । सरकारी बाटो व्यक्तिले आफ्नो नाममा नापी गरेको विवादमा सो मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी स्थलगत अध्ययनपश्चात उच्च अदालत जनकपुरधामले प्रतिवेदन पेस गर्न आदेश गरेको छ ।




कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर, न्यायाधीश टीकाराम आचार्यको इजलासले उक्त जमिन सार्वजनिक कायम गरी पाउँ भनी आएको विवादमा सोमबार सो आदेश गरेको हो । पृथ्वी साह हलुवाईले जगदीश पासमानविरुद्ध दूषित लिखत बदर दर्ता बदरको मुद्दामा उक्त आदेश दिएको हो ।

विवादित जग्गाको अनुगमन निरीक्षणका लागि अदालतले पाँचबुँदे आदेश दिएको छ । सो आदेशमा विवादित स्थानको स्थलगत निरीक्षण अवलोकन गर्न २०८३ वैशाख १३ गतेको दिन तोकी मुद्दाका दुवै पक्ष स्वयं र स्थलगतरुपमा उपस्थित हुन चाहेमा निजहरुको तर्फबाट नियुक्त विद्वान् कानुन व्यवसायीलाई समेत सो दिन ठीक १० बजे सम्बन्धित उपस्थित हुन पत्रमार्फत जानकारी गराउन भनिएको छ ।

उक्त तोकिएको मितिमा स्थलगत अवलोकन यो आदेश गर्ने इजलासका न्यायाधीश आफैंले गर्ने र सो कार्यका लागि यस अदालतका रजिष्ट्रार, इजलास अधिकृत तथा सम्बन्धित फाँट प्रमुखलाई समेत उपस्थित हुन जानकारी गराउन भनिएको छ ।

"उक्त विवादित जग्गाको नक्सा गर्ने सम्बन्धित जिल्ला अदालतको प्राविधिक (अमिन) र नापी कार्यालय, धनुषाका सर्भेयरलाई समेत विवादित स्थलमा नापजाँच उपकरणसहित उपस्थित हुन लेखि पठाई अनिवार्य रुपमा तोकिएको मिति, समय र स्थानमा उपस्थित गराउनु", आदेशमा भनिएको छ ।

दुवै पक्षलाई रोहवरमा राखी खटिएको अधिकृत तथा कर्मचारी टोलीबाट निरीक्षण अवलोकनमा देखिएका तथ्यहरुसहित प्रतिवेदन तयार पारी पेस गर्नसमेत आदेशमा भनिएको छ ।

मुद्दाको विषयवस्तुको जटिलतालाई मध्यनजर गरी विवादित कि.नं.का जग्गाहरु अवस्थित स्थानको प्रत्यक्षरुपमा अवलोकन तथा निरीक्षण गरी निष्कर्षमा पुग्न उचित देखिएको हुँदा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ बमोजिम ठाउँ अवलोकन गरी प्रतिवेदन तयार पार्ने सम्बन्धमा व्यवस्था गर्न ६ बुँदे आदेश गरेको छ ।

यो आदेश उच्च अदालतले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १७८ बमोजिम गरेको नयाँ अभ्यास हो । यसअघि, सर्वोच्च अदालतले वातावरणसम्बन्धी गोदावरी मार्बलको विषयमा स्थलगत अध्ययन गर्न टोली पुगेको थियो ।

# ठक्करबाट एक महिलाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-६ ढल्केबरमा मोटरसाइकलको ठक्करबाट एक महिलाको ज्यान गएको छ भने आठ महिनाको शिशुसहित तीन जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार मृत्यु हुनेमा स्थानीय ३१ वर्षीया बिनिता कुमारी महतो रहेकी छन् । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएकी उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिएको थियो । उपचारकै क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन् ।

दुर्घटनामा १६ वर्षीया अनुष्का कुमारी महतो र आठ महिनाकी बालिका घाइते भएकी छन् । साथै मोटरसाइकल चालक मिथिला नगरपालिका-८ जमुनिवासका ३२ वर्षीय प्रकाश थिङ पनि घाइते भएका छन् ।

घाइतेहरूको ढल्केबरस्थित एक निजी स्वास्थ्य संस्थामा उपचार भइरहेको छ भने दुर्घटनाको कारणबारे प्रहरीले थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सीमा कडाईमा ठाकुरको विरोध

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमा क्षेत्रमा सरकारले गरेको कडाइप्रति लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष तथा सांसद महन्थ ठाकुरले विरोध जनाएका छन् ।



राष्ट्रियसभा अन्तर्गतको 'विकास, आर्थिक मामिला तथा सुशासन समिति' को बैठकमा बोल्दै राष्ट्रिय सभा सदस्य समेत रहेका नेता ठाकुरले सीमा क्षेत्रमा गरिएको अनावश्यक कडाइले मधेस र सिमाना आसपासका नागरिकले दैनिक सास्ती भोग्नुपरेको भन्दै सरकारलाई ध्यानाकर्षण गराएका थिए ।

ठाकुरले नेपाल र भारतबिचको खुल्ला सिमाना र सदियौंदेखिको सामाजिक, सांस्कृतिक तथा रोटी-बेटीको सम्बन्धलाई सुरक्षा वा भन्सारको नाममा प्रभावित पार्न नहुनेमा जोड दिएका छन् । उनले घरायसी प्रयोजन र दैनिक उपभोग्य सामान किनमेलका लागि सीमा वारपार गर्ने सर्वसाधारणलाई सुरक्षाकर्मीबाट अनावश्यक दुःख दिने काम भइरहेको भनी असन्तुष्टि व्यक्त गरेका थिए ।

'सीमा क्षेत्रमा बसोबास गर्ने मधेसी जनताको जनजीवन र दैनिकी प्रत्यक्ष रूपमा पारिको बजारसँग जोडिएको छ,' ठाकुरले बैठकमा भने, 'तर, अहिले सिमानामा गरिएको कडा जाँच र निगरानीले गर्दा आम नागरिकले पाइला( पाइलामा सास्ती खेप्नुपरेको छ । सर्वसाधारणलाई अपराधी जस्तो व्यवहार गर्न बन्द गरिनुपर्छ ।'

उनले सीमामा हुने चेकजाँचलाई व्यवस्थित गर्नुपर्ने कुरामा दुई मत नरहे पनि त्यसको नाममा सर्वसाधारण नागरिकलाई आतङ्कित पार्ने र दुःख दिने प्रवृत्ति स्वीकार्य नहुने बताए ।

ठाकुरले सरकारलाई तत्काल सीमा क्षेत्रमा सर्वसाधारणलाई दिइने सास्ती रोक्न र दैनिक जीवनयापनका लागि सहज आवतजावतको व्यवस्था मिलाउन माग गरेका छन् । उनले आगामी आर्थिक वर्षको बजेटमा मधेसलाई उपेक्षा नगर्न आग्रह गरेका थिए ।

# गुठी जग्गा खाली गराउन माग



**टुडे समाचारदाता**

जनकपुरधाम । हिन्दू सम्राट सेना धनुषा शाखाले गुठीका अतिक्रमित जग्गा खाली गराउन तथा मठमन्दिर आसपास सञ्चालनमा रहेका मासु तथा मदिरा पसलहरू बन्द गर्न माग गर्दै प्रदेश सरकारसँग माग गरेको छ ।

संस्थाका प्रतिनिधिहरूले आफ्ना मागसहित प्रदेशका गृहमन्त्री फकिरा महतोलाई ज्ञापनपत्र बुझाउँदै धार्मिक तथा सांस्कृतिक सम्पदामाथि बढ्दो अतिक्रमणले परम्परा र आस्थामा नकारात्मक असर परेको बताएका छन् ।

उनीहरूले गुठी अन्तर्गतका जग्गाहरूको संरक्षण गर्दै तत्काल अतिक्रमण हटाउन र धार्मिक स्थल वरपरका गतिविधि व्यवस्थित गर्न माग गरेका छन् । ज्ञापनपत्र बुझ्दै गृहमन्त्री महतोले विषयलाई गम्भीर रूपमा लिएको जनाउँदै सरोकारवाला निकायसँग समन्वय गरी छिट्टै आवश्यक निर्णय लिने प्रतिबद्धता व्यक्त गरे ।

उनका अनुसार जनकपुरधाम उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय र सम्बन्धित पक्षसँग छलफल गरेर कार्यान्वयनको प्रक्रिया अघि बढाइनेछ । धार्मिक महत्वका क्षेत्रहरूको संरक्षणका लागि स्थानीय स्तरमै कडाइ आवश्यक रहेको भन्दै विभिन्न सामाजिक तथा धार्मिक संघसंस्थाहरूले समेत यस विषयमा चासो व्यक्त गरेका छन् ।

# भाषाबारे संविधान संशोधन जरुरी : डा. ठाकुर

**टुडे समाचारदाता**

काठमाण्डू । नेपालमा बोलिने भाषाहरु अपेक्षित रुपमा संवेदनशील बन्न नसकेको भाषा विज्ञ डा. गोपाल ठाकुरले बताएका छन् ।




२०७९ चैतदेखि भाषा आयोगको अध्यक्षको जिम्मेवारी सम्हाल्दै आएका उनले आफ्नो विदाई समारोहलाई सम्बोधन गर्दै भने 'संविधानले नेपालमा बोलिने भाषाहरूलाई मौलिक हक अन्तर्गत समेटे पनि यसको निर्माणकालदेखि नै राज्य यस विषयमा अपेक्षित रूपमा संवेदनशील बन्न सकेको छैन ।'

सरकारले सुरुदेखि नै आयोगमा अध्यक्ष र सदस्य नियुक्त गर्ने तर कार्यक्रम सञ्चालनका लागि पर्याप्त बजेट नदिने प्रवृत्तिलाई उनले दुःखद बताए । सीमित आर्थिक स्रोतका बीच पनि आयोगले सातै प्रदेश तथा संघीय सरकारका लागि महत्त्वपूर्ण कामहरू सम्पन्न गर्न सफल भएको उनले दाबी गरे ।

सो विषयमा आयोगले २०८० असोज ८ गते नै सरकारलाई सिफारिस पेश गरिसकेको जानकारी उनले दिए । "नेपाली भाषाबाहेक प्रदेशमा सरकारी कामकाजका लागि सिफारिस गरिएका राष्ट्रभाषाहरूलाई संविधानको प्रस्तावना, धारा ३ र धारा ५१ ग (७) को मर्मअनुरूप बनाउन संविधान संशोधन गरी भाषासम्बन्धी सङ्घीय कानुन निर्माण गरेर कार्यान्वयनमा ल्याउन आयोगले सिफारिस गरेको छ," उनले भने ।

संविधान सभा सदस्य समेत रहेका डा. ठाकुरले संविधानको धारा ७ (१) मा उल्लेख गरिएको 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भन्ने प्रावधानले एउटै भाषालाई शासकीय रूपमा स्थापित गरेको बताउँदै यसमा संशोधन आवश्यक रहेको भने ।

शंखमूलस्थित आयोगको कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै उनले संविधानको प्रस्तावना र धारा ३ ले नेपाललाई बहुभाषिक राष्ट्रका रूपमा व्याख्या गरे पनि धारा ७ त्यसको विपरीत देखिएको बताए । त्यसैगरी, धारा ५१ मा बहुभाषिक नीति अवलम्बन गर्ने व्यवस्था रहेको सन्दर्भले पनि संविधान संशोधनको आवश्यकता रहेको भने ।

विदाइ कार्यक्रमको अध्यक्षता गरेका आयोगका सदस्य कृष्ण प्रसाद न्यौपानेले डा. ठाकुरको सक्रिय नेतृत्वका कारण भाषासम्बन्धी विभिन्न कार्यहरू गर्न पाइएको भने । आयोगका सचिव रमेशप्रसाद मैनालीले डा. ठाकुरको विज्ञता, सल्लाह र सहकार्य आगामी दिनमा पनि आयोगका लागि उपयोगी रहने बताए ।

# भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन अन्तरक्रिया

**टुडे समाचारदाता**

बारा । भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन बारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाले बाराको सिमरामा जीतपुरसिमरा उपमहानगरपालिका स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।




अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडा कार्यालयका प्रमुख सहसचिव रामकृष्ण पुडासैनीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेल प्रमुख अतिथिका रूपमा सहभागी रहेको थियो ।

कार्यक्रममा आयोगका उपसचिव ठाकुर प्रसाद आचार्यले भ्रष्टाचारका प्रवृत्ति, त्यसका कारण र नियन्त्रणका उपायहरूबारे विस्तृत कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन सबै तहका कर्मचारी तथा जनप्रतिनिधिहरूले जिम्मेवार बन्नुपर्नेमा जोड दिए । प्रमुख अतिथि नगर प्रमुख पौडेलले स्थानीय तहमा सुशासन कायम गर्न नागरिकको सक्रिय सहभागिता अपरिहार्य रहेको उल्लेख गर्दै सेवाग्राहीमैत्री सेवा प्रवाहलाई प्राथमिकतामा राखिएको बताउनुभयो। उहाँले अनियमितता र भ्रष्टाचारविरुद्ध सबैले आ आफनो ठाउँबाट आवाज उठाउँनुपर्नेमा जोड दिए ।कार्यक्रममा सहभागी जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी तथा सर्वसाधारणले आ-आफ्नो क्षेत्रमा देखिएका समस्या, ढिलासुस्ती, अनियमितता र सेवा प्रवाहसँग सम्बन्धित जिज्ञासा राखेका थिए ।

जवाफमा अध्यक्ष पुडासैनीले उजुरी प्रणालीलाई प्रभावकारी बनाइएको, गोपनीयताको सुनिश्चितता गरिएको र प्राप्त उजुरीहरूमा आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइने जानकारी दिए । उनले भ्रष्टाचार नियन्त्रणका लागि कानुनी व्यवस्थासँगै जनचेतना अभिवृद्धि, नैतिक आचरण र संस्थागत सुधार आवश्यक रहेको बताएका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाको कार्यक्षेत्र बारा , पर्सा, रौतहट, मकवानपुर, चितवन, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग, रसुवा र काभ्रेपलाञ्चोक गरी ११ वटा जिल्ला रहेका छन् ।

बारा जिल्लाको गत आर्थिक बर्षमा फछ्यौंट हुन बाँकी २४१ वटा उजुरी र चालु आर्थिक बर्ष २०८२/८३ को चैत्र मसान्तसम्ममा ३ सय २६ वटा उजुरी गरी ५ सय वटा उजुरी रहेका छन् ।

जसमा गत आर्थिक बर्षको ९६ वटा र चालु आर्थिक बर्षको १ सय ५० वटा गरी २ सय ४६ उजुरी फछ्यौंट चालु आर्थिक बर्षको चैत्र सम्ममा भएका छन् । जीतपुर सिमरा उपमहानगरपालिकाको चालु आर्थिक बर्षको चैत्र मसान्त सम्ममा ४७ वटा उजुरी परेका छन् भने १८ वटा उजुरी फछ्यौंट भएका छन् । कलैया उपमहानगगरपालिकाको चैत्र मसान्त सम्ममा ५९ वटा उजुरी परेका छन् भने ३४ वटा फछ्यौंट भएका छन् ।


## होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,**

- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिब देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं ।

**बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८